# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३४० | काठमाडौं | बिहीबार, २६ चैत २०८२ | Prabhab National Daily | Thursday, 09 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


संविधान संशोधन तयारी

## कार्यदलको टिओआर र संशोधनमा स्पष्टताको खोजी



**संविधान संशोधनको बहसपत्र तयार गर्न गठित कार्यदलको बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको बैठक ।** *तस्बिरः रासस*

■ जेबी योञ्जन

- ६० दिनभित्र बहसपत्र तयार गर्नुपर्ने कार्यदल संयोजक शाहको भनाइ
- कांग्रेसले माग्यो संशोधनबारे चार बुँदे स्पष्टता
- संविधानका मूल उपलब्धिको रक्षामा कांग्रेस कटिबद्ध
- वर्तमान संविधान नमानेको मधेसवादी दलको दाबी

**काठमाडौं–** संविधान संशोधनको बहसपत्र तयार पार्न गठन गरिएको कार्यदलको पहिलो बैठकमै राजनीतिक दलहरूबीच एजेण्डागत मतभेद देखिएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको बैठकमा सहभागी दलका प्रतिनिधिहरूले संविधान संशोधनको एजेण्डा, औचित्य र प्रक्रियाबारे फरक-फरक धारणा राखे ।

करिब साढे दुई घण्टा चलेको कार्यदलको बैठकलाई 'परिचयात्मक' भने पनि त्यसले संविधान संशोधनको एजेण्डाबारे बहसको दिशा र सम्भावित विवादलाई छताछुल्ल पार्‍यो । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता तथा पूर्वमन्त्री देवप्रसाद गुरुङले संविधान संशोधन गर्न चाहेको विषय र कार्यदलको कार्यादेश (टिओआर)बारे जानकारी मागेका थिए । उनले भने, 'यो पहिलो बैठकमा टिओआर छैन । के को आधारमा छलफल गर्ने ? सरकारले के मा हो संशोधन गर्न खोजेको ?'

मौजुदा संविधानमा संस्थागत राजनीतिक उपलब्धिहरूको मुख्य पहलकर्ता तत्कालीन नेकपा माओवादी (हालको नेपाली कम्युनिस्ट पार्टी) हो । सोही पार्टीका नेता गुरुङले दलहरूसँग आयोगले लिखित सुझाव माग्दै त्यसपछिका बैठकहरूमा संविधान संशोधनका लागि थप छलफल गर्न सकिने बताएका थिए ।

गुरुङको यो धारणालाई राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले पनि समर्थन जनाइन् । उनले भनिन्, 'यस विषयको प्रस्ट जानकारी दिएर पार्टीहरूलाई पठाउनुपर्‍यो । अनिमात्र राजनीतिक दलले आफ्नो-आफ्नो सुझाव दिन सक्छन् ।' उनले संविधान संशोधनजस्तो गम्भीर विषयमा हतार नगरी स्पष्ट कार्यादेशसहित छलफल अघि बढाउनुपर्नेमा जोड दिएकी थिइन् ।

बैठकमा सहभागी अन्य नेताहरूले विज्ञहरूको संलग्नता अनिवार्य रहेकोमा जोड दिएका थिए । तर, सबैभन्दा चासोको विषय भने राजसंस्था र संघीयतासम्बन्धी बहस बन्यो । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले संविधान संशोधनमार्फत राजसंस्था पुनर्स्थापना गर्नुपर्ने संकेत गरेका थिए । 'उहाँले घुमाएर राजा र जनताले बनाएको देश भएकाले राजा ल्याउनुपर्छ भन्ने कुरा राख्नुभयो,' बैठकमा सहभागी एक नेताले भने ।

क्रमशः पृष्ठ २ मा

# हङकङमा रहेका देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी

## गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको आरोप, देउवाले गरे प्रतिवाद

■ प्रभाव संवाददाता

**काठमाडौं–** लामो समय सत्ताको शक्तिमा बसेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । नेपाली कांग्रेसको नेतृत्वमासमेत लामो समय शक्तिमा रहेका देउवा र उनकी पत्नी डा. आरजु राणा देउवाविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मंगलबार अदालतबाट पक्राउ पुर्जी जारी गरेको स्रोतले जानकारी दिएको छ ।

जेन-जी आन्दोलनका क्रममा भदौ २३ गते बूढानीलकण्ठस्थित देउवाको घरमा नेपाली रूपैयाँ र अमेरिकी डलरका नोटहरू जलेको घटना बाहिरिएसँगै देउवा दम्पतीमाथि अनुसन्धान हुनुपर्ने माग चर्किएको थियो । गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको अभियोगमा विभागले काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गरेको स्रोतले जनायो । न्यायाधीश महेन्द्रबहादुर कार्कीको इजलासले पक्राउ पुर्जी जारी गरेको स्रोतको दाबी छ ।

देउवा दम्पती हाल उपचारको क्रममा हङकङमा छन् । फागुन १३ गते उपचारका लागि भन्दै देउवा सिंगापुर उडेका थिए । त्यहाँबाट चैत पहिलो साता देउवा दम्पती हङकङ पुगेको देउवाको सचिवालयले जनाएको थियो ।

देउवा दम्पतीलाई गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको अभियोग लगाउने सरकारको तयारी छ । तर उनीहरूलाई कसरी पक्राउ गर्ने भन्नेबारे कुनै पनि योजना प्रहरीले सार्वजनिक गरेको छैन । देउवा आफैंले भने आफूविरुद्ध भ्रामक प्रचार भएको दाबी गरेका छन् । 'म र मेरो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र झूटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु,'

क्रमशः पृष्ठ २ मा



म र मेरो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र झूटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु । वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ ।

■ **शेरबहादुर देउवा**
पूर्वप्रधानमन्त्री

कुनै पनि भ्रष्टाचारका काण्डमा पार्टीका जतिसुकै ठूला नेता परे पनि निष्पक्ष र स्वतन्त्र रूपमा हुने अनुसन्धानमा पार्टीले सहयोग गर्छ ।

■ **प्रदीप पौडेल**
महामन्त्री, नेपाली कांग्रेस

सरकारले छानबिनका लागि पक्राउ पुर्जी जारी गरेको सुनेको छु । यदि हो भने देउवा बयान दिन तयार हुनुपर्छ । सामना गरेको धेरै राम्रो ।

■ **पुरूषोत्तम दाहाल**
राजनीतिक विश्लेषक

### देउवा परिवार तितरबितर

कुनै बेलाका शक्तिशाली मानिने देउवा परिवार जेन-जी विद्रोहपछि तितरबितर भएको छ । भदौ २३ अघि नेकपा एमालेसँग मिलेर बूढानीलकण्ठबाट शक्तिशाली सरकार सञ्चालन गरिरहेका देउवा जेन-जी विद्रोहपछि कमजोर बनेसँगै उनको परिवार तितरबितर भएको हो ।

आन्दोलनकारीको कुटपिटबाट घाइते देउवा दम्पती लामो समय सैनिक अस्पतालमा उपचारपछि महाराजगञ्जस्थित एक व्यापारीको घरमा बस्न थाले । यो बीचमा गगन थापाले पुसको मसान्तमा विशेष महाधिवेशन गरेर पार्टीको नेतृत्व खोसे । त्यसपछि झनै कमजोर बनेका देउवा सिंगापुरहुँदै हङकङतिर लागेका छन् ।



जयवीर देउवा



प्रकाश देउवा

क्रमशः पृष्ठ २ मा

### अनुसन्धानमा सघाउन कांग्रेसको आग्रह

कुनै बेला शक्तिको केन्द्र रहेका देउवालाई उनको पार्टी नेपाली कांग्रेसले विशेष महाधिवेशनबाट अपदस्त गरी हटाएको थियो । त्यसपछि करिब शक्तिहीन बनेका देउवा अन्तिमपटक डडेलधुराबाट निर्वाचन लड्न चाहन्थे । तर गगन थापाले नेतृत्व लिएपछि देउवाको अनुहार देखाउँदा मत नआउने भाष्य बन्यो । थापाले पटक-पटक भेट्न खोजे पनि देउवाले भेट दिएनन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## अमेरिका-इरान युद्धविरामले खाडी मुलुकमा रहेका नेपालीलाई राहत

■ ममता थापा

**काठमाडौं–** पश्चिम एसियामा जारी द्वन्द्व दुई साताका लागि रोकिएसँगै खाडी क्षेत्रमा रहेका नेपालीहरूले राहत महसुस गर्न पाउने भएका छन् । अमेरिका र इरान बुधबार दुई साताको अस्थायी युद्धविराम गर्न सहमत भएका हुन्, जसमा इजरायलले समेत समर्थन जनाएको छ । यद्यपि, युद्धको दीर्घकालीन समाधान हुनेमा भने अनिश्चितता कायमै छ ।

पश्चिम एसियाका देशहरूमा १७ लाख २९ हजारभन्दा बढी नेपाली रहेको सरकारी तथ्यांक छ । अमेरिका र इजरायलले इरानमा आक्रमण सुरु गरेपछि इरानले खाडीका संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब, कुवेत, कतार, ओमान, बहराइनलगायतका मुलुकमा प्रतिआक्रमण गरेको थियो । ती देशहरूमा रहेका अमेरिकी सेनाका क्याम्पहरूलाई लक्षित गरी इरानबाट निरन्तर ड्रोन तथा मिसाइल आक्रमण हुँदा सो क्षेत्र नै तनावपूर्ण बनेको थियो । युद्ध चर्किएपछि हवाइ मार्ग अवरुद्ध भएको थियो । सुरक्षा जोखिम तथा आकस्मिक हुने गरेको आक्रमणका कारण श्रमिकहरू त्रासमा थिए । यो अवस्थामा थोरै समयका लागि भए पनि श्रमिकको दैनिकी सामान्य हुने श्रमविद् डा. युवराज बस्नेतको भनाइ छ ।



रोजगारी गुमेका श्रमिकहरु तत्कालै आफ्नो काममा फर्किहाल्ने अवस्था देखिँदैन । युद्ध साम्य भएको अवस्थामा नेपाल फर्किन चाहने श्रमिकको उद्धार सहज हुने भएकाले यसमा ध्यान दिन आवश्यक छ ।

■ **डा. युवराज बस्नेत**
श्रमविद्

'त्यहाँ रहेका श्रमिकहरूमा कताबाट बम आउँछ, कसरी काममा जाने, के हुन्छ भन्ने अवस्था थियो,' उनले भने, 'इजरायलमा पनि २४ घण्टा नै बंकरभित्र दौडेकोदौडचै गर्दा हामीलाई कोभिडमा भित्रै बस्नुपर्दा कस्तो भएको थियो त्यस्तै अवस्था थियो । यो अवधिसम्मका लागि भए पनि यस्तो असुरक्षाचाहिँ महसुस गर्न नपर्ने भयो ।'

युद्धले पर्यटन, पूर्वाधार, ऊर्जा केन्द्रलगायतका क्षेत्रमा असर गर्दा धेरै श्रमिकहरूले रोजगारी गुमाएको अवस्था छ । उनीहरू आर्थिक रूपमा पनि कमजोर र असुरक्षित भएको विभिन्न अध्ययनले देखाएका छन् । युद्ध स्थगित भएसँगै अन्तर्राष्ट्रिय तेल बजारमा केही स्थिरता देखिएको छ ।

क्रमशः पृष्ठ २ मा

### भिजिट भिसामा ओमान पुगेकाहरु अलपत्र

**काठमाडौं (प्रस)–** रोजगारीको प्रलोभनमा ओमान पुगेर अलपत्र पर्नेहरूको संख्या धेरै रहेको पाइएको छ । ओमानस्थित नेपाली दूतावासले बुधबार एक सूचना जारी गर्दै भिजिट भिसा लिएर काम गर्ने उद्देश्यले पुगेकाहरू अलपत्र परेकाले त्यसरी नआउन आग्रह गरेको छ ।

अलपत्र परेकाहरू दूतावासको सम्पर्कमा पुगेपछि ठूलो रकम खर्च गरेर पुगेको पाइएको छ । अधिकांशले धेरै रकम बुझाएको र आकर्षक रोजगारी पाइने आश्वासन दिइएको दूतावाससमक्ष बताएका छन् । यद्यपि, रकम बुझाएको कुनै प्रमाण नभएको दूतावासले जनाएको छ ।

भिजिट भिसामा गएका तथा भिसाको अवधि सकिएपछि गैरकानुनी रूपमा बसिरहेकाहरूको उद्धारमा निकै कठिनाइ हुने दूतावासले जनाएको छ । 'ओभर स्टे' गरिरहेकाहरूलाई प्रतिदिन १० ओमानी रियाल जरिवाना लाग्ने पनि स्मरण गराइएको छ । भिजिट भिसालाई कामदार भिसामा परिणत गर्न नसकिने स्पष्ट पार्दै दूतावासले रोजगारीका लागि उक्त भिसाको प्रयोग नगर्न आग्रह गरेको छ ।


**एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरूरी सूचना !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल
फोनः ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

## पृष्ठ १ बाट क्रमशः

### हङकङमा रहेका...

बुधबार साँझ सामाजिक सञ्जाल फेसबुकमार्फत देउवाले भनेका छन् । भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शिता कायम गर्न आफू गृहमन्त्री हुँदा २०४८ सालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन र आफैं प्रधानमन्त्री रहँदा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएको दाबी गर्दै पूर्वप्रधानमन्त्री देउवाले अतिरञ्जनामा नपर्न अपिल गरेका छन् । 'स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौं र अझै उपचारको क्रम जारी रहेको जानकारी गराउन चाहन्छु,' देउवाले भनेका छन्, 'वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ । अतिरञ्जना गरी सार्वजनिक भएका विवरणहरूबाट भ्रममा नपर्न सबैमा अपिल गर्दछु ।'

■■■

### देउवा परिवार...

आरजु भने भारतहुँदै हङकङ पुगेको बताइन्छ । अहिले बूढानीलकण्ठस्थित देउवानिवास भत्काउन लागिएको छ । जेन-जी विद्रोहको क्रममा क्षतिग्रस्त संरचना हटाउन लागेसँगै उक्त घर बिक्री भएको हल्ला चलेपछि देउवाको सचिवालयले भने खण्डन गरेको छ ।

यो बीचमा प्रहरीले आरजुका भाइ भुषण राणाको घरमा छापा हानेको थियो । ललितपुरको झम्सिखेलस्थित राणाको घरमा छापा हान्दा भुषण भने भेटिएनन् । अहिले भुषण क्यानडा पुगेको बताइएको छ । यता देउवाको भतिज प्रकाश देउवा आठ महिनादेखि अमेरिकामा छन् । भदौ २८ गते अमेरिका उडेका प्रकाशले चैत २४ गतेको प्रदेशसभा बैठकमा आफू उपस्थित हुन नसक्ने भन्दै सुदूरपश्चिम प्रदेशसभामा सभामुख भीमबहादुर भण्डारीलाई पत्र लेखेका छन् । उनले स्वास्थ्यका कारण आफू बैठकमा आउन नसकेको तर्क गरेका छन् । प्रकाशसँग बिचौलिया दीपक भट्टकोसमेत कनेक्सन भेटिएको प्रहरी अनुसन्धानमा खुलेको छ । सम्पत्ति शुद्धीकरण मुद्दामा भट्ट चैत १९ गते पक्राउ परेका छन् ।

विभिन्न स्रोतहरूका अनुसार देउवाका छोराबुहारी जयवीरसिंह देउवा र शिवाना श्रेष्ठ पनि हङकङमा छन् । नेपालमा छँदा जयवीरले डाइपर आयात गर्ने गरी ब्लुप्रिन्ट ट्रेडिङ कम्पनीमा लगानी गरेका थिए । २०७९/८० को बजेटमा त्यतिबेला अर्थमन्त्री रहेका जनार्दन शर्माले सेनेटरी प्याड आयातमा छुट दिने घोषणा गरेपछि जयवीरको कम्पनी विवादमा तानिएको थियो । उक्त समयमा देउवा प्रधानमन्त्री थिए ।

■■■

### अनुसन्धानमा सघाउन...

अन्ततः देउवा चुनाव 'बंक' गरेर सिंगापुर पुगेका थिए । निर्वाचनपछि बनेको वालेन्द्र शाह नेतृत्वको सरकारले एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री एवं कांग्रेस नेता रमेश लेखक, पूर्वमन्त्री एवं कांग्रेस नेता दीपक खड्कालाई पक्राउ गरिसकेको छ ।

ओली र लेखकलाई जेन-जी विद्रोहमा भएको युवाहरूको हत्यामा दोषीका रूपमा पक्राउ गर्दा खड्का सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ परेका हुन् । कुनै समय तीन शीर्ष नेतामा नम्बर एकमा पर्ने देउवा जेन-जी विद्रोहअघिको सरकारको शक्तिशाली नेता थिए । भदौ २३ गते उनको घरमा तोडफोड र आगजनीमात्र भएन, देउवा दम्पतीमाथि कुटपिटसमेत भयो ।

यही क्रममा उनको घरमा ठूलो मात्रामा नेपाली तथा विदेशी मुद्राका नोटसमेत जलेको अवस्थामा फेला पर्‍यो । उक्त सम्पत्ति र अरु सम्पत्ति आर्जनको स्रोतबारे देउवा दम्पतीमाथि थप अनुसन्धान गर्न सरकारलाई दबाब पर्दै गएसँगै पक्राउ पुर्जी लिएको बताइएको छ ।

योसँगै नेपाली कांग्रेसले सरकारी अनुसन्धानलाई सघाउन आग्रह गरेको छ । कांग्रेस महामन्त्री प्रदीप पौडेलले अनुसन्धानलाई सघाउन देउवालाई आग्रह गरेका हुन् । 'कुनै पनि भ्रष्टाचारका काण्डमा पार्टीका जतिसुकै ठूला नेता परे पनि निष्पक्ष र स्वतन्त्ररूपमा हुने अनुसन्धानमा पार्टीले सहयोग गर्छ,' पौडेलले भने ।

देउवानिकट रहेर लामो समय काम गरेका राजनीतिक विश्लेषक पुरुषोत्तम दाहाल देउवाले देश फर्केर बयान दिए राम्रो हुने बताउँछन् । 'अहिलेको सरकारले छानबिनका लागि पक्राउ पुर्जी जारी गरेको सुनेको छु । यदि हो भने देउवा बयान दिन तयार हुनुपर्छ । सामना गरेको धेरै राम्रो,' दाहालले भने ।

देउवालाई शाही भ्रष्टाचार आयोगले यसैगरी मेलम्ची प्रकरणमा भ्रष्टाचार अभियोग लगाएर पक्राउ गरेको स्मरण गर्दै दाहालले अनुसन्धानबाटै सबै विषयको निर्क्योल हुने बताए ।

■■■

### कार्यदलको टिओआर...

बैठकमा राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष पौडेलले संघीय संरचनामाथि नै प्रश्न उठाउँदै प्रदेश खारेजीको प्रस्ताव अघि सारेकी थिइन् । 'संविधान संशोधन गर्दा संघीयतामा प्रादेशिक संरचना खारेज गर्नुपर्छ भन्ने धारणा राख्नुभयो,' अर्का नेताले भने ।

एमालेको तर्फबाट सहभागी डा. भीष्म अधिकारीले भने संविधान संशोधनप्रति हतारो नगर्न सरकारलाई सुझाए । उनले संविधान संशोधनको विषयलाई हलुंगो रूपमा हेर्न नहुने भन्दै उनले विज्ञहरूबीचको छलफल अनिवार्य हुने बताए । 'संविधान निर्माण र संशोधन जटिल प्रक्रिया हो । यसलाई हलुंगो तरिकाले लिनु हुँदैन । धेरै मानिस, विज्ञहरूबीच व्यापक छलफल गरेर समस्याको पहिचान गरेर मात्र संविधान संशोधन गर्नुपर्छ,' डा. अधिकारीको भनाइ थियो ।

उनका अनुसार पार्टी अध्यक्ष केपी शर्मा ओलीको पक्राउपछि एमालेले संविधान संशोधनको विषयमा छलफल गर्न पाएको छैन । 'हाम्रो पार्टी अध्यक्षलाई प्रहरीले हिरासतमा राखेको छ । उहाँ बाहिर आएपछि मात्र हामी एजेण्डा तयार पार्छौं । अहिले केही भन्न सकिँदैन,' उनले भनेका थिए ।

उनले संघीय संरचनामा प्रदेश र स्थानीय तहको सहमति अनिवार्य रहेको पनि स्मरण गराएका थिए । उनको भनाइ थियो, 'हामीले संविधान संशोधन गर्दा प्रदेश सरकार र स्थानीय सरकारको पनि सहमति लिनुपर्ने हुन्छ, त्यसलाई नजरअन्दाज गर्न मिल्दैन ।'

मधेसवादी दलका प्रतिनिधिहरूले भने बैठकमै वर्तमान संविधानप्रति आफ्नो असहमति रहेको र नमानेको बताएका थिए । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता राजेन्द्र लाभ र जनता समाजवादी पार्टी (जसपा) का डा. सुरेन्द्रकुमार झाले स्पष्टरूपमा भनेका थिए, 'हामीले संविधान मानेकै छैनौं, हाम्रो पार्टीको हस्ताक्षर पनि छैन ।'

बैठकमा श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईले संविधान संशोधनलाई भ्रष्टाचार नियन्त्रण र राष्ट्रिय नीतिसँग जोड्दै फरक दृष्टिकोण प्रस्तुत गरे । 'भ्रष्टाचार के गर्दा अन्त्य हुन्छ, त्यो गर्नुपर्‍यो र माटो सुहाउँदो नीतिहरू निर्माणमा ध्यान दिनुपर्छ,' उनले भने ।

कार्यदल संयोजक शाहले भने सरकारको तर्फबाट बहसलाई समेट्ने प्रयास गर्दै सबै पक्षसँग सुझाव लिने प्रतिबद्धता जनाएका थिए । उनले ६० दिनभित्र सरकारलाई संविधान संशोधनको बहसपत्र तयार गर्नुपर्ने बताए । त्यसका लागि दलहरू, विज्ञ, संविधान निर्माता, जेन-जी अगुवा र धार्मिक अगुवाहरूसँग पनि छलफल अनिवार्य रहेको बताएका थिए ।

बैठकमा प्रधानमन्त्री कार्यालयका कानुनसचिव पुस्कर सापकोटा र कानुन मन्त्रालयका सचिव इन्दिरा दाहालले संविधान संशोधनका सम्भावित क्षेत्रबारे 'ब्रिफिङ' दिएका थिए । उनीहरूले राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण नभए के गर्ने भन्नेजस्ता संवैधानिक अस्पष्टताबारे पनि छलफलका लागि विषय उठाएका थिए ।

तर, संविधान संशोधनको बहसपत्र तयार गर्नेसम्बन्धी यति महत्त्वपूर्ण बैठकमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको अनुपस्थिति रहृयो । यद्यपि, कांग्रेसले सरकारसँग चार बुँदे स्पष्टता मागेको छ र त्यसपछि मात्रै कांग्रेसको सहभागिता जायज हुने बताएको छ ।

कांगेसले कार्यदलको क्षेत्राधिकार, सीमा र भूमिकाबारे स्पष्ट उल्लेख नगरिएको हुँदा कार्यदलको विधि र कार्यक्षेत्रका सन्दर्भमा स्पष्ट हुन चाहेको जनाएको छ । कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले पठाएको पत्रमा संविधान संशोधनको बहसलाई सहभागितामूलक, समावेशी र न्यायपूर्ण बनाउने सन्दर्भमा सरकारले आफ्नो धारणा स्पष्ट पार्नुपर्ने बताए ।

मधेसी, आदिवासी जनजाति, थारू, दलित, अल्पसंख्यकलगायत पहिचानका लागि आन्दोलनरत समुदाय र क्षेत्रलाई प्रक्रियामा जोड्न सरकारले के आधार लिएको छ र संविधान कार्यान्वयनसँग जोडिएका प्रदेश र स्थानीय सरकारको सहभागिताको विषयमा सरकारको धारणामा स्पष्टता खोजेको छ ।

वर्तमान संविधान निर्माण भएको साढे १० वर्ष भएको छ । यसअघि पटक-पटक संविधान संशोधनको सवाल उठेको थियो । २०८१ को जेठ १७ गते कांग्रेस र एमालेबीच भएको सात बुँदे सहमतिमा पनि संविधान संशोधनको एजेण्डा थियो । निर्वाचन प्रणालीमा संशोधन आवश्यक भनिएको थियो । तर, भएन । यसपटक भने के-के विषयमा संशोधन गर्न खोजिएको भन्नेमा सरकार नै अस्पष्ट छ जसले दलहरूलाई साथमा लिएर संविधान संशोधनको बिन्दुसम्म पुग्न सरकारलाई मुस्किल पर्ने टिप्पणी भइरहेको छ ।

■■■

### अमेरिका-इरान...

खाडी मुलुकको अर्थतन्त्र तेल र ग्यासमा निर्भर भएकाले यसको स्थिरताले त्यहाँको रोजगारीमा प्रत्यक्ष प्रभाव पार्ने गर्छ । यद्यपि, दुई साताको युद्धविरामले श्रमिकको रोजगारीको अवस्थामा भने कुनै परिवर्तन ल्याइहाल्ने अवस्था नरहेको श्रमविद् बस्नेतको भनाइ छ ।

'यो युद्धले खाडी मुलुकको आर्थिक समृद्धिको पाटोमा लागेको दाग लामो समयसम्म रहिरहन्छ । असुरक्षाका कारण त्यस क्षेत्रमा लगानी हुने, ठूलो उद्योग खोल्ने क्रम घट्छ,' उनले भने, 'त्यहाँको पर्यटन, यातायातका केन्द्र जस्ता क्षेत्रलाई पुनः विगतकै अवस्थामा फर्काउने काम तत्कालै हुने अवस्था छैन । रोजगारी गुमेका श्रमिकहरू तत्कालै आफ्नो काममा फर्किहाल्ने अवस्था देखिँदैन । सानातिना मर्मतसम्हारका काम भने पाइन सक्छ ।'

युद्ध साम्य भएको अवस्थामा नेपाल फर्किन चाहने श्रमिकको उद्धार सहज हुने भएकाले यसमा ध्यान दिन सकिने बस्नेतको भनाइ छ । हालसम्म खाडीमा रहेका ८८ हजारभन्दा बढी श्रमिकले नेपाल फर्कन चाहेको भन्दै नाम टिपाएको परराष्ट्र मन्त्रालयको तथ्यांक छ । यद्यपि, तत्काल फर्किहाल्न पर्नेहरू भने १० हजारको हाराहारीमा रहेको जनाइएको छ । सरकारको मध्यपूर्वका सातवटा मुलुकमा पुनः श्रम स्वीकृति दिइरहेको छ । जसपश्चात् नयाँहरूलाई पनि जान दिनुपर्ने माग पनि बढेको छ । दुई हप्तापछि कस्तो अवस्था आउँछ त्यसको विश्लेषण गरेरमात्र श्रम स्वीकृति खुलाउनुपर्ने उनको सुझाव छ ।

बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमा कुनै पनि आक्रमण नगर्ने घोषणा गरेका छन् भने इरानले हर्मुजको जलमार्गमा अवरोध नगर्ने र आक्रमण रोक्ने बताएको छ । गत फेब्रुअरी २८ देखि जारी युद्ध स्थगित हुने निर्णयलाई विश्वभरका मुलुकहरूले स्वागत गरेका छन् । युद्धमा प्रत्यक्ष संलग्न नभएरै पनि महत्त्वपूर्ण पूर्वाधार तथा उर्जा केन्द्रमाथिको आक्रमण हुँदा ठूलो क्षति व्यवहोरिरहेका खाडी राष्ट्रहरूले युद्धविरामले द्वन्द्वको अन्त्य गरोस् भन्ने कामना गरेका छन् ।


**मलेसियामा रोजगार** कम्पनी : J&T DISTRIBUTION SOLUTION SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०९/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२५ LT. No. 337045 चलानी नं. ६०२५०५४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Operator | 8 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ३ गते (16th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com


## तीन करोड लगानीमा प्रहरी चौकी भवन निर्माण

**म्याग्दी (प्रस)**– बेनी नगरपालिका-४ राक्सेमा तीन करोड ५० लाख रूपैयाँभन्दा बढीको लागतमा सिंगा तातोपानी प्रहरी चौकीको भवन निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा भूकम्पप्रतिरोधी क्षमताको दुईतले भवन निर्माण भएको हो । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले भवन निर्माणका लागि २०८१ साल असारमा तीन करोड ५१ लाख रूपैयाँमा निर्माण कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो ।

निर्धारित समयभित्रै निर्माण सकिएको भवनको चाँडै शुभारम्भ गरेर प्रयोगमा ल्याउने तयारी भएको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका इञ्जिनियर प्रहरी नायब उपरीक्षक चिरञ्जीवीप्रताप महतोले जानकारी दिए । भवनमा कार्य प्रशासन शाखा, महिला, पुरुष थुनुवा कक्ष, सञ्चार कक्ष, भान्सा, ब्यारेक, शयनकक्षहरू छन् ।


**मोटरबाइक हराएको सूचना**

हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडको नामबाट ऋणी सन्जित स्याङबोको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८२/१२/१९ गते काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा.-०८,खङलाङ च्याउ फर्ममा पार्किङ्ग गरी राखेको ठाऊबाट दिनको अन्दाजी १६:५२ बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न तपसिलको ठेगानामा सम्पर्क गरिदिनुहोला ।

तपसिल
सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.
ऋणीको नाम : सन्जित स्याङबो
प्रकार : Pulsar 220 ABS (New)
बाइक नं. : BA PRA 02, 058 PA 9968
चेसिस नं. : MD2A13EX5SCB83385
इन्जिन नं. : DKXCSB25067
रङ्ग : Black And Red
सम्पर्क नं. : 9849920998

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।१०।१९ गते ल.जि.ल.पु.म.न.पा-२५, नख्खुडोल तालिमकेन्द्र स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल दिनको अन्दाजी १:३३ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.
ऋणीको नाम : सन्दिप सुनुवार
बाइक नं. : बा.प्र. ०२- ०६२ प ३४८०
च्यासिस नं. : MD2A13EX7SCE 86135
इन्जिन नं. : DKXCSD 33968
ठेगाना : तामाकोशी गा.पा.वडा नं-७,दोलखा
सम्पर्क नं. : ९७००७०२८३९

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२६ गते

यस कम्पनीको मिति २०८२/११/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार **ओपन कन्सल्टेन्ट एण्ड रिसर्च सेन्टर** (प्रा.लि. नं. ७०१२६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/१९ को निर्णयानुसार नाम परिवर्तन गरी **ल्यान्ड म्याट्रिक्स इन्फ्रा कन्स्ट्रक्सन एण्ड कन्सलटेन्ट प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/२६ गते

यस कम्पनीको मिति २०८२/१२/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **साविक युनिहब कन्सल्टिङ** (प्रा.लि. नं.१८०३८१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२३ को निर्णयानुसार नाम परिवर्तन गरी **फाइन्ड युनि प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

दोश्रो पटक सूचना प्रकाशन मितिः २०८२/१२/२६

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ३७ को २३०.३० घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**गर्भारी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- १, मकवानपुर**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, २६ चैत, २०८२

**मेष** — स्वास्थ्यमा सुधार आउनेछ । अश्विनिकुमारको स्तुतिबाट दिनको सुरुवात गर्नुहोला ।

**वृष** — मन बेचैन रहनेछ । वामनावतार भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला ।

**मिथुन** — अनावश्यक झमेलामा फसिनेछ । दुर्गा माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोला ।

**कर्कट** — प्रसम्शा पाउने योग रहेको छ । भगवान चन्द्रशेखरको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला ।

**सिंह** — बेकारको कार्यमा दिन बित्न सक्छ । शिवस्तव स्तोत्रको पाठ गरि अघि बढ्नुहोला ।

**कन्या** — प्रेममा धोका मिल्न सक्छ । राधा नामको पाठ गरेमा राम्रो हुनेछ ।

**तुला** — ब्यस्ततामा दिन बित्नेछ । भगवान भोलेबाथको स्मरणबाट दिनको सुरुवात गर्नुहोला ।

**वृश्चिक** — क्रोधले विवेक नाश होला । दत्तात्रेय भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला ।

**धनु** — यात्राको अवसर मिल्नेछ । भगवान गणेशको स्तुति गान गर्नुहोला।

**मकर** — मनमा विचारको बाढी आउनेछ । ब्रह्मक्स्हारीणी माताकोको स्मरण गरि दिनको सुरुवात गर्नुहोला ।

**कुम्भ** — कार्य सफल हुनेछ । सिद्धिविनायकको स्तुति गरि अघि बढ्नुहोला ।

**मीन** — मन प्रफुल्ल रहनेछ । सीतारामको भक्तिगान गरि दिनको सुरुवात गर्नुहोला ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ चैत, २०८२ (०९ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.५२ | १४९.१२ |
| युरो | १ को | १७१.६० | १७२.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.६७ | १९७.४६ |
| स्विस फ्रैन्क | १ को | १८५.६८ | १८६.४३ |
| अस्ट्रेलियन डलर | १ को | १०२.९३ | १०३.३५ |
| क्यानाडियन डलर | १ को | १०६.७० | १०७.१३ |
| सिङगापुर डलर | १ को | ११५.६२ | ११६.०८ |
| जापानी येन | १० को | ९.२९ | ९.३३ |
| चिनियाँ युआन | १ को | २१.६६ | २१.७५ |
| साउदी अरब रियाल | १ को | ३९.५५ | ३९.७१ |
| कतारी रियाल | १ को | ४०.७४ | ४०.९० |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.४४ | ४०.६० |
| मलेसियन रिङेट | १ को | ३६.८४ | ३६.९९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९० | ९.९४ |
| स्विडिस क्रोनर | १ को | १५.६१ | १५.६८ |
| डेनिस क्रोनर | १ को | २२.९६ | २३.०६ |
| हङकङ डलर | १ को | १८.९५ | १९.०३ |
| कुवेती दिनार | १ को | ४८३.८६ | ४८५.८१ |
| बहराइन दिनार | १ को | ३९३.३८ | ३९४.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मित्र राष्ट्रसँगको सम्बन्ध अझ सुदृढ बनाउने प्रधानमन्त्री शाहको प्रतिबद्धता



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले नेपालस्थित विभिन्न कूटनीतिक नियोगका प्रमुख एवं राजदूतहरूसँग सामूहिक भेट गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार भएको भेटमा उनले सबै मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई अझ सुदृढ बनाउन नेपाल सरकार उत्सुक रहेको बताए ।

प्रधानमन्त्री शाहले सरकार सबै देशहरूसँगको सम्बन्धलाई उच्च महत्त्व दिनुका साथै विश्वासका आधारमा पारस्परिक लाभमा आधारित साझेदारी सुदृढ गर्न प्रतिबद्ध रहेको उल्लेख गरे । 'नेपालले सन्तुलित र व्यावहारिक वैदेशिक नीतिको अनुशरण गर्दै आएको छ । हाम्रो बाहृय सम्बन्ध साझा समृद्धिको लक्ष्यद्वारा निर्देशित छ,' प्रधानमन्त्री शाहले भने, 'नेपालको विकास र समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग प्रदान गर्नुभएकामा हामी सबै साझेदार तथा मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।'

विश्वमा जारी द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति साझा प्राथमिकता हुनुपर्नेमा उनको जोड थियो । प्रधानमन्त्री शाहले भने, 'चलिरहेका द्वन्द्वहरूले सर्वसाधारण नागरिकलाई सबैभन्दा बढी असर पार्ने भएकाले शान्ति हाम्रो साझा प्राथमिकता रहनुपर्छ । यसमा हामी सबै सहमत छौं भन्ने विश्वास लिएको छु र यस दिशामा सामूहिक प्रयासको अपेक्षा गर्दछु । यहाँ उपस्थित सबै मित्रहरूलाई नेपालको निरन्तर मित्रता र सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।'

प्रधानमन्त्री शाहले नेपाल सरकार लगानीका लागि अनुकूल वातावरण निर्माण गर्न, उद्यमशीलतालाई प्रोत्साहन गर्न तथा दिगो विकासलाई समर्थन गर्न प्रतिबद्ध रहेको पनि बताए । उनले राष्ट्रिय हितअनुकूल हुनेगरी नेपाललाई क्षेत्रीय तथा वैश्विक आर्थिक संरचनामा अझ मजबुतरूपमा समेट्ने लक्ष्य राखिएको पनि उल्लेख गरे ।

'नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन । हामी राजनीतिक स्थायित्व कायम राख्न तथा नीतिगत दिशालाई स्थिर र पूर्वानुमानयोग्य बनाइराख्न दृढ प्रतिबद्ध छौं,' प्रधानमन्त्री शाहले भने । उनले विकास, व्यापार, लगानी, जलवायु अनुकुलनका कार्य तथा जनस्तरको सम्बन्धजस्ता विभिन्न क्षेत्रमा सहकार्य अघि बढाउन सरकार इच्छुक रहेको जानकारी दिए । यसैगरी विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा र हित सरकारको प्राथमिकतामा रहेको विषयमा उनले जोड दिए ।

# एक वर्षमा विपद्बाट साढे १३ हजारभन्दा बढी परिवार प्रभावित

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो एक वर्षको अवधिमा विपद्का कारण साढे १३ हजारभन्दा बढी परिवार प्रभावित भएका पाइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा विभिन्न विपद्का घटनामा परी १३ हजार ५०४ परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका हुन् ।

सो अवधिमा देशभर सात हजार ५४७ विपद्का घटना भएका प्राधिकरणले जनाएको छ । बाढी पहिरो, भारी वर्षा, चटचाङ, वन डढेलो, हावाहुरी, हिउँ पहिरोजस्ता विपद् र विपद्जन्य घटनाका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । सामान्य सावधानी अपनाउँदा समेत रोक्न सकिने आगलागीको घटना सबैभन्दा धेरै रहेको प्राधिकरणको विवरणमा उल्लेख छ ।

झण्डै एक वर्षको अवधिमा तीन हजार ६५२ वटा आगलागीका घटना भएका छन् । आगलागीमा परेरमात्रै १०४ जनाको अकालमा ज्यान गएको छ । ५६३ जना घाइते हुँदा चार हजार १८२ परिवार प्रत्यक्ष रूपमा पीडित भएका छन् ।

बाढीका कारणमात्रै ३२८ घटनामा ३९ जनाको निधन भएको छ । बाढीमा परेर २७ जना बेपत्ता हुँदा १४ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार, ६२१ पहिरोका घटनामा परेर ७६ जनाको ज्यान गएको छ । यस्तै, भारी वर्षाको ४४६ घटनामा परेर सात जनाको ज्यान गयो भने २० जना घाइते भए ।

त्यस्तै, ४१९ चटचाङका कारण ४८ जनाको ज्यान गयो । कूल ३१२ जना घाइते हुँदा ५२२ परिवार प्रत्यक्ष रूपमा प्रभावित भए । हावाहुरीका ४७७, वन डढेलाका ३२४, जनावर आक्रमणका ५०९ तथा लेक लाग्नुका १३१ घटना भएका छन् ।

प्राधिकरणका अनुसार यो विवरण गत वैशाख १ गतेदेखि यही चैत २४ गते सम्मको हो । एक वर्षको अवधिमा विपद्मामात्रै ४९० जनाको ज्यान जाँदा ३८ जना बेपत्ता भएका छन् । विपद्का कारण एक हजार ९६५ जना घाइते भएका छन् ।

# उपसभामुख चयन गर्न भोलि निर्वाचन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाले भोलि (शुक्रबार) उपसभामुख पाउने भएको छ । सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ८ बमोजिम प्रतिनिधिसभाका उपसभामुख पदको निर्वाचनका लागि शुक्रबार तोकेका हुन् ।

बुधार बसेको प्रतिनिधिसभाको बैठकमा अर्यालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेरसम्बन्धी पत्र पढेर सुनाएका थिए । प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कृषि तथा पशुपक्षी र वन तथा वातावरणमन्त्री गीता चौधरीले 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौं वार्षिक प्रतिवेदन, २०८२' पेस गरेकी छन् । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गरे ।


## मलेसियामा रोजगार

कम्पनी : TEA GARDEN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२५ | LT. No. 340493 | चलानी नं. ६०२५३८९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 8 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TEA GARDEN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२५ | LT. No. 340494 | चलानी नं. ६०२५३८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mess Cook | 7 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३ गते (16th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SANTI OVERSEAS PVT. LTD.**
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769
E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com

श्रम ईजाजत नं. १४९५/०७४/०७५


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय जगाती, भक्तपुरको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/१२/२६ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जगाती, भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ बैशाख ०३ गते विहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जगाती, भक्तपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/२४ मा दर्ता नं. २४६९७०/०७७/०७८ कायम भई दर्ता रहेको काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ०२, स्थित रजिष्टर्ड कार्यालय रहेको **चण्डेश्वरी एकीकृत कृषी फार्म प्रा.लि.** (स्थायी लेखा नं. ६०९८४७०७३, जारी मिति २०७७/०८/२६) । | १. **मन्दिरा गौतम...१ र लता भण्डारी...१** को संयुक्त नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा, वडा नं. ०४(साविक मेथिनकोट गा.वि.स वडा नं. ६) स्थित कित्ता नं. १२५८, १२५९ र १२३४ को जग्गा क्षेत्रफल क्रमश १-८-०-०, १-८-०-० र ३-०-०-० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत । |

**संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **मधु ढुङ्गाना**
ना.प्र.नं.- ७१९२४
जारी मिति - २०५४/०५/१५ जि.प्र.का. काभ्रे
बाबु - गोपी प्रसाद ढुंगाना
बाजे - उमाकान्त ढुङ्गाना
स्थायी ठेगाना- काभ्रे जिल्ला, मथुरापाटी गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

२. **खड्ग सिंह पराजुली**
ना.प्र.नं.- ८५२४२००३८
जारी मिति - २०४५/११/०४, जि.प्र.का. झापा
बाबु - मान वहादुर पराजुली
बाजे - पदम लाल पराजुली
स्थायी ठेगाना- झापा जिल्ला, शिवगंज गा.वि.स.,वडा नं.५
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं. ०९, सृजनानगर

३. **मित्रबन्धु भण्डारी**
ना.प्र.नं.- १५१७५
जारी मिति - २०५८/०७/२२ जि.प्र.का.रुपन्देही
बाबु - रविलाल भण्डारी
बाजे - अनिरुद्र भण्डारी
स्थायी ठेगाना- रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ०९
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

४. **झम्क प्रसाद गौतम**
ना.प्र.नं.- २११०४६/४०९१७/७२९०
जारी मिति - २०५५/०८/०६, जि.प्र.का. रामेछाप
बाबु - नेत्र प्रसाद गौतम
बाजे - भवनाथ गौतम
स्थायी ठेगाना- रामेछाप जिल्ला, गुन्सी भदौरे गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं. ०९, सृजनानगर

५. **गायत्री देवी ढुङ्गाना**
ना.प्र.नं.- १४८७३४
जारी मिति - २०६२/१२/१३, जि.प्र.का. काभ्रेपलाञ्चोक
बाबु - श्याम प्रसाद अधिकारी
पति - नवराज ढुङ्गाना
स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, मथुरापाटी फूलबारी गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

६. **प्रदिप कुमार अर्याल**
ना.प्र.नं.- ३६१/४३३९०६२८
जारी मिति - २०३३/०१/१५, जि.प्र.का. बारा
बाबु - माधव प्रसाद अर्याल
बाजे - भोला प्रसाद उपाध्याय
स्थायी ठेगाना- बारा जिल्ला, कलैया गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं. ०९, सृजनानगर

७. **लता भण्डारी**
ना.प्र.नं.- ३७-०१-७२-००३७५
जारी मिति - २०७२/०१/१४ जि.प्र.का. रुपन्देही
बाबु - मोती प्रसाद सापकोट
पति - मित्रबन्धु भण्डारी
स्थायी ठेगाना- रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. १२
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

८. **मन्दिरा गौतम**
ना.प्र.नं.- ४०९८२
जारी मिति - २०५५/०८/१० जि.प्र.का. रामेछाप
बाबु - जगनिधी चौलागाई
पति - झम्क प्रसाद गौतम
स्थायी ठेगाना- रामेछाप जिल्ला, गुन्सी गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८३ बैशाख ०२ गते** भित्र बैंकको शाखा कार्यालय जगाती, भक्तपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जगाती, भक्तपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८३ बैशाख ०३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जगाती, भक्तपुरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जगाती, भक्तपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ बैशाख ०३ गते विहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय जगाती, भक्तपुर फोन नं. ०१-६६१६००६/०७**

Local Government

## Indrawati Rural Municipality
## Office of Rural Municipal Executive

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

## Invitation for Bid

**Second Date of Publication: 2082/12/26**

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchowk, Bagmati Province, Nepal invites **Electronic Bid only** for eligible bidders for following Works under SQ Procedures. Only eligible bidders with the following key qualification should participate in the bidding for contracts mentioned below.

| S. N. | Contract No. | Name of Work | Estimated Amount Inclusive of VAT | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IRMSI/SQ/ GOODS/ 2082/083-14 | Supplying and Fixing of Solar Street Light at Indrawati 7, 9 & 11 Sindhupalchowk | 11,57,498.55 | 28,000.00 | (45+30) days | 1000.00 |
| 2 | IRMSI/SQ/ GOODS/ 2082/083-14 | Supplying and Installation of Open GYM Equipments at Indrawati 4 & 10 Sindhupalchowk | 15,95,950.00 | 40,000.00 | | |

3. bidders are strongly requested to mention the name of the firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Non-Compliance of this shall be ground for declaring the bid **NON RESPONSIVE.**
4. Any additional information or query regarding the bids can be accuired by downloading the bids from **e-GP System of PPMO** or by writing us in **indrawatigaupalika@gmail.com**.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महँगी बढाउने सरकारी कदम

सरकारले व्यवसायीको दबाबमा परेर सार्वजनिक यातायात र मालबाहक सवारीको भाडा बढाएको छ । इन्धनको मूल्य बढेको भन्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहमतिमा यातायात व्यवस्था विभागले बुधबार भाडा समायोजन गरेको हो । जसअनुसार यात्रुवाहक सवारीको १६.७१ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीसाधनका लागि २१.६८ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने सवारीसाधनको १५.७५ प्रतिशत भाडा बढाइएको छ ।

अमेरिका–इजरायल र इरानको जारी द्वन्द्वका कारण विश्वभर तेल आपूर्ति संकटमा परेको छ । विश्वभर तेलको मूल्यमा उच्च वृद्धि भएको छ । सरकारले यही अनुपातमा तेलको मूल्य बढाइसकेको छैन । यस्तो अवस्थामा तत्काल सवारी भाडा बढाउन नहुने हो । दुई वर्षअघि सरकारले सवारी भाडा ३.३० प्रतिशतसम्म बढाएको थियो । त्यसपछि पेट्रोलियम पदार्थको मूल्य घट्दा भने भाडा घटाउने कुनै चासो नै देखाएन । सार्वजनिक यातायातको भाडा एकपटक बढेपछि घट्दैन । तर तेलको मूल्य भने स्वचालित हुन्छ । घटबढ भइरहन्छ । अझ अन्तर्राष्ट्रिय बजारमा बढेजसरी पेट्रोलियम पदार्थको मूल्य बढाएको छैन । झण्डै प्रतिलिटर ६५ रूपैयाँ रकम सरकारले सहुलियत नै दिइरहेको छ । तीन सातामा सरकारले पेट्रोलको मूल्य ४५ रूपैयाँ बढाएको छ । अधिकांश सवारी डिजेलबाट चल्ने छन् । सरकारले डिजेलको मूल्य पेट्रोलको अनुपातमा बढाएको पनि छैन ।

अहिले देशको अर्थतन्त्र निकै ओरालो लागेको अवस्था छ । चारैतर्फ महँगी चर्किएको छ । खाडी क्षेत्रको संकटले देशमा आउने रेमिटचान्स घट्नेतर्फ संकेत गरिरहेको छ । देशमा लगानी गर्न धेरै डराएका छन् । घरजग्गा कारोबार निकै खस्किएको छ । बैंकको ऋण लिन मानिसहरू डराइरहेका छन् । यस्तो अवस्थामा देश पुगेको बेला सरकारले व्यवसायीसँग मिलेर यातायातको भाडा बढाउनु भनेको समाजलाई अप्ठेरो परेको बेला लुटतन्त्रलाई प्रश्रय दिनु हो ।

मौकामा चौका हान्ने व्यवसायीको पुरानै नीति हो । सरकारले यस्तो बेला विवेकले काम गर्नुपर्छ । व्यवसायी र बिचौलियालाई हदैसम्म कडाइ गर्ने दाबी गरेको सरकार सुरुमै झुकेको देखिएको छ । भाडादर बढाउने अर्को आधार भनेको सवारीसाधनमा काम गर्ने कर्मचारीको तलब, मर्मतसम्भार खर्च, ब्याजदर, टायर, लुब्रिकेन्टजस्ता खर्च पनि हो । अहिले बैंकको ब्याजदर खस्किएको छ भने बसका कर्मचारीको तलब बढेको छैन ।

सार्वजनिक सवारीको भाडा बढ्नु भनेको देशभर महँगी बढ्नु हो । यो सूचकलाई ध्यानमा राखेर सरकारले सर्वसाधारणको पनि कुरा सुन्नपर्थ्यो । पहिले सरकारले विद्यार्थी संगठनदेखि उपभोक्ताहरूको पनि कुरा सुन्थ्यो । तर यो सरकारले विद्यार्थी संगठन खारेज गर्नेदेखि उपभोक्ताहरूको आवाज दबाउने नीति पहिले नै लिइसकेको छ । अब व्यवसायीसँग मिलेमतो गरेर महँगी बढाउने मेलो अपनाए जनता सडकमा आउने छन् । यसैले अधिकतम् भाडा बढाउने निर्णय पुनर्विचार गरियोस् ।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ। अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# बालमैत्री शासनः प्रतिबद्धता र परिणामको खाडल



❑ मनोहर कार्की

“बालबालिकाको नैसर्गिक अधिकारको प्रत्याभूति तथा बालअधिकारको कार्यान्वयनको दिशामा सरकारी तथा सरोकारवाला निकायहरूको जुन मानेमा सदासयता र तत्परता देखाउनुपर्ने थियो त्यसको गुञ्जायसको गहनतालाई मनन गरिएको पाइँदैन । बालअधिकारको हननमा कुनै न कुनै रूपमा हाम्रो परम्परा तथा कार्यशैली जिम्मेवार रहेको छ । बालश्रमिकका रूपमा सयौं बालबालिकाहरु जोखिमपूर्ण र निकृष्ट कार्य गर्न बाध्य छन् । घरेलु श्रमिकका रूपमा आश्रित बालबालिकाको संख्या पनि हाम्रो समाजमा बग्रेल्ती छ ।

बालअधिकारका मूल्य मान्यताका विश्वव्यापी प्रचलनको कुन हदसम्म बालबालिकाले उपयोग गर्न सके र राज्य सञ्चालकले बालबालिकाको नैसर्गिक अधिकारको संरक्षण र प्रवर्द्धनको दिशामा के कति काम भए समीक्षाको विषय रहला । नेपालको संविधानको मौलिक हकका रूपमा बालअधिकारलाई आधारभूत अधिकारका रूपमा उल्लेख गरिएको छ । बालअधिकारका सवाल यससम्बन्धी ऐन, नियमावलीलगायतमा बग्रेल्ती व्यवस्था भएका छन् । तर पनि बालअधिकार र बालबालिकाका हितका सम्वर्द्धनमा धेरै कार्य अपुग छन् । बालअधिकारका सन्दर्भमा बालअधिकारका आयामिक पाटालाई साझा सरोकारको सवाल र मुद्दाका रूपमा लिएर सम्बोधन हुन सकेको खण्डमा हाम्रा विगतका प्रयासले सार्थकता पाउन सक्लान् ।

बालअधिकारका सवालमा सधैं बहस पैरवी र यसको संरक्षण प्रवर्द्धनका दिशामा विभिन्न कोण प्रतिकोणबाट आवाज मुखरित भएका छन् । केही समय अघिको जेन-जी आन्दोलन पनि उमेर समूहका हिसाबले नवयुवाहरूको उल्लेख्य सहभागिता रहयो । विमति, विरोध तथा केही हदसम्म शासक र शासनशैलीको विरोधका आवाजहरू मुखरित भएका थिए । तिनै नवयुवा र बालबालिकाका हक अधिकारको संरक्षणमा




राज्यपक्ष उदार हुनुपर्नेमा दुईमत नरहला । सुशासन र भ्रष्टाचारप्रतिको शून्य सहनशीलतालाई सरकारले पहिलो प्राथमिकतामा राखेर कार्यसम्पादनको पक्षलाई सम्बोधन गर्नुपर्दछ ।

सन् १९४८ मा संयुक्त राष्ट्रसंघको प्रयासमा बालअधिकारसम्बन्धी १० बुंदे घोषणापत्र तयार गरी विश्वव्यापीरूपमा प्रचारप्रसार गरियो । बालअधिकारको ड्राफ्ट तयारी र लामो समयान्तरको संस्थागत प्रयासपश्चात् सन् १९८९ को नोभेम्बर २० तारेखका दिन विधिवत्रूपमा संयुक्त राष्ट्रसंघले राष्ट्रसंघीय महासभाबाट बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गऱ्यो । पछिल्लो वर्ष सन् १९९० सेप्टेम्बरदेखि बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयनमा आयो । साथै, नेपालले पनि यस महासन्धिमा पक्षकार राष्ट्रको हैसियतले हस्ताक्षर गरेपश्चात् नेपालमा पनि विधिवत्रूपमा कार्यान्वयनमा आयो । सन् १९२३ मा बेलायती बालअधिकारका अग्रज अभियन्ता इंग्लिस्टन जेबको पहलमा विश्वमा बालअधिकारको आवाजले सार्वजनिक सरोकारको मुद्दाका रूपमा विश्वमञ्चको ध्यान आकर्षित गऱ्यो । तत्पश्चात् बालधिकारको बहसलाई विश्वका विभिन्न मुलुक तथा संस्थागतरूपमा उठानका प्रयासले निरन्तरता पायो ।

बालअधिकारको कार्यान्वयनको प्रत्याभूतिका लागि हाम्रा विद्यमान कानुन तथा ऐन नियमलाई समयसापेक्ष कार्यान्वयन गर्ने, बालबालिकाका हितलाई प्रत्याभूति दिलाउने दिशामा उपयोग गरिनु पर्दछ । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र-१९४८ को धारा २६ मा शिक्षा पाउने अधिकार सबैलाई छ भन्ने उल्लेख भएअनुसार हाम्रो सरकारको नैतिक र कानुनी दायित्वभित्र यसको अक्षरशः पालना र प्रतिबद्धताका साथ लागू गर्न नेपाल सरकार दृढताका साथ उभिनुपर्दछ । नागरिक र राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ मा ‘प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउनुपर्छ’ भन्ने उल्लेख छ । नेपाल सरकारले सन् १९९१ मे १४ मा यस अभिसन्धिमा विधिवत् हस्ताक्षर गरेपश्चात् कार्यान्वयन तहमा ल्याउनु नेपाल सरकारको वैधानिक दायित्वभित्र पर्ने विषय हो ।

सामाजिक संस्थाले कार्यक्रमका साथ र राजनीतिक दलले बालअधिकार र बाल हितका सवालमा आफ्ना दलका नीति तथा कार्यक्रमिक जनपरिचालनमा कुनै न कुनै रूपमा कार्यक्रम उल्लेख गरेका छन् । बालकल्याण र बालअधिकारको कार्यान्वयनका दिशामा प्रतिबद्धता पनि आएकै छन् । संकल्प, प्रतिबद्धता वा घोषणापत्रमा उल्लिखित सोच, नीति र कार्यक्रमलाई ठोस मानेमा दृढताका साथ काम गराइको बानीमा रूपान्तरण गर्नु छ । अन्तर्राष्ट्रिय बालअधिकार दिवसको सन्दर्भमा बालअिकारको न्यूनतम् मापदण्डलाई गाउँबस्ती तथा दूरदराजका बालबालिकाको घरआँगन करेसासम्म विचरण गर्ने वातावरण बनाउनुपर्दछ । न्यायपूर्ण, समावेशी, सहभागितामूलक र समन्यायिक प्रणाली लोकतन्त्रको मियो हो ।

बालबालिकाको नैसर्गिक अधिकारको प्रत्याभूति तथा बालअधिकारको कार्यान्वयनको दिशामा सरकारी तथा सरोकारवाला निकायहरूको जुन मानेमा सदासयता र तत्परता देखाउनुपर्ने थियो त्यसको गुञ्जायसको गहनतालाई मनन गरिएको पाइँदैन । बालअधिकारको हननमा कुनै न कुनै रूपमा हाम्रो परम्परा तथा कार्यशैली जिम्मेवार रहेको छ । बालश्रमिकका रूपमा सयौं बालबालिकाहरू जोखिमपूर्ण र निकृष्ट कार्य गर्न बाध्य छन् । घरेलु श्रमिकका रूपमा आश्रित बालबालिकाको संख्या पनि हाम्रो समाजमा बग्रेल्ती छ ।

उद्योग तथा कलकारखानामा सयौंका संख्यामा कलिला बालबालिकाहरू निकृष्ट र निकै जोखिमपूर्ण कार्य गर्न बाध्य पारिएको अवस्थामा यस्ता बालबालिकाहरूको उद्धार तथा शिक्षादीक्षा र उचित जीवनयापनको वातावरण बनाउने दिशामा सहरबजारमा केन्द्रित बग्रेल्ती गैरसरकारी संस्थाहरूको ध्यान कहिले पुग्ने हो कुन्नि ? बाल उपयोगी कार्यक्रम अनि विकास र अवसरको खोजी र उचित मार्गदर्शनको प्रतीक्षा छ । हामीले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा एक पक्षकार राष्ट्रका हैसियतले अनुमोदन गरेपश्चात् त्यसको दायित्वबोधको अपनत्व लिएका छौं । नेपालको संविधान २०७२ मा बालअधिकारलाई समेटिएका मौलिक हकका प्रावधान रहेका छन् । जसको अक्षरशः पालनाका दिशामा व्यावहारिक दायित्वबोधका साथ सरकारले जुन रूपमा चासो लिएको छ त्यसमा अझ प्रभावकारिता ल्याउने दिशामा धेरै काम हुन सकिरहेको छैन । संविधानको भाग ३ को धारा ३९ का उपधारा १ देखि ९ सम्ममा बाल हकका बहुआयामिक पाटालाई समावेश गरिए पनि सरोकारवाला निकायले हक कार्यान्वयनमा प्रतिबद्धताका साथ काम गर्नुपर्दछ । बालअधिकारको उल्लंघनमा दण्ड सजायको पेचिलो कार्यान्वयन बाल हकको प्रत्याभूतिको सोपान रहला ।

पछिल्ला घटनाक्रमको सतही विश्लेषण गरिएको खण्डमा नेपालका विभिन्न क्षेत्रमा बालबालिकाको अपहरण, दुर्व्यवहारका घटनाहरू बढदो क्रममा छ । यस्ता अमानवीय तथा कुत्सित कार्यको निन्दा र भर्त्सना समाजलाई सचेत गराउने पाटो रहला । तर यस्ता जघन्य अपराधलाई निर्मूल गर्ने दिशामा अपराध मनोविज्ञान तथा सामाजिक संरचनका विविध पाटामा गम्भीर खोजी तथा अनुसन्धानले महत्त्व राख्छ । आपराधिक घटनाले हाम्रो समाज आजित र त्रसित छ । आमजनताले राज्यको दरिलो उपस्थिति र न्यायको खोजी गरिरहेको छ । बालबालिकाहरू हराउने क्रम निरन्तर रहनु सामाजिक विडम्बना हो, जसको समाधानमा सामाजिक दायित्वबोध अपरिहार्य छ ।

तुलनात्मकरूपमा सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रका बालबालिकाहरू हराउने गरेको तथ्यांकले पुष्टि गरेको छ । बालबालिका खोजतलास तथा उद्धारका लागि बालबालिका खोजतलास समन्वय केन्द्र, बाल संरक्षण समितिलगायतका निकायले निरन्तर प्रयास गरी आए पनि आशातीत सफलता पाउन नसकिएको यथार्थता छर्लंग छ । साथै, बाल श्रमिकका रूपमा बालबालिकाहरूलाई विभिन्न क्षेत्रमा प्रयोग अर्को चुनौती रहेको छ । कारखाना तथा औद्योगिकलगायतका क्षेत्रमा निकृष्ट तथा अति जोखिमपूर्ण काममा अझै पनि सयौं बालबालिकाहरू प्रयोग भइरहेको सन्दर्भमा बालश्रम निषेधसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा चुनौती थपिएको छ ।

बालबालिकाका हित र विकासका सवालमा मौलिक हक तथा निर्देशक सिद्धान्तमासमेत संवैधानिक प्रतिबद्धता भएको पाइन्छ । प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक संविधानले सुनिश्चित गरेको छ । त्यस्तै प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुने व्यवस्था छ । शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय रहने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिनुपर्ने हुन्छ । यसैगरी संविधानमा स्पष्टरूपमा असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकलाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने छ भन्ने व्यवस्था छ । कार्यान्वयन पक्षलाई अझ दरिलो र परिणाममुखी समयसापेक्ष बनाइनुपर्छ ।

प्रत्यक्ष र परोक्षरूपमा बालबालिकाको हक अधिकारको उल्लंघनका घटना सामान्यतः हाम्रै सामाजिक परिवेशका क्षेत्रमा बढी पाइएका छन् । बालअधिकारको संरक्षण, बालमैत्री शासन र शैक्षिक वातावरण निर्माणमा सरोकारवाला निकाय गम्भीर हुनुपर्दछ । बालअधिकार सार्वजनिक प्रतिबद्धता र कार्यान्वयनको वातावरणसहित बालअधिकार सुनिश्चित होस् ।

## पाठक मञ्च

# सरकारी विज्ञापनमा ‘एकाधिकार’ होइन ‘एकदर’ लागू गर

हालै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू केवल सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र प्रकाशन र प्रसारण गर्नेगरी गरेको परिपत्रप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । मितव्ययिता कायम गर्ने बहानामा चालिएको यो कदमले केवल निजी सञ्चार क्षेत्रलाई मात्र होइन, बरु नेपालको संघीय संरचना र लोकतान्त्रिक मूल्य-मान्यतामाथि नै गम्भीर प्रश्न खडा गरेको छ ।

पहिलो कुरा, यो निर्णयले नेपालको संविधानले परिकल्पना गरेको सहकार्य, सहमति र सहअस्तित्वको सिद्धान्तलाई सीधै उपेक्षा गरेको छ । संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई आफ्नो मातहतको एकाइजस्तो व्यवहार गर्दै विज्ञापन रोक्न आदेश दिनु नियन्त्रणमुखी मानसिकताको उपज हो । नगरपालिका संघ र गाउँपालिका महासंघका प्रतिनिधिहरूले भनेझैं, स्थानीय तहका आफ्नै नीति र आवश्यकता हुन्छन् । स्थानीयस्तरका सूचनाहरू स्थानीय रेडियो र पत्रपत्रिकामा दिँदा बढी प्रभावकारी हुन्छन् । ती सूचनालाई केवल गोरखापत्र वा नेपाल टेलिभिजनमा खुम्च्याउनु भनेको सूचनाको हकबाट नागरिकलाई वञ्चित गर्नु र स्थानीय सरकारको अधिकार कटौती गर्नु हो ।

दोस्रो, यो निर्णय सार्वजनिक खरिद ऐनको मर्मविपरीत छ । ऐनले बोलपत्रका सूचनाहरू राष्ट्रियस्तरका दैनिक पत्रिकामा छाप्नुपर्ने व्यवस्था गरेको छ । सरकारी सञ्चारमाध्यमको सीमित संख्या र त्यहाँ लाग्ने लामो लाइनले गर्दा विकास निर्माणका कामहरू थप ढिला हुने निश्चित छ । १५ दिनको म्याद भएका विज्ञापनहरू सरकारी मिडियामा पालो कुरेर बस्दा कतिपय प्राविधिक कामहरू समयमै सम्पन्न हुन सक्दैनन् ।

तेस्रो, सरकारले मितव्ययिताको तर्क अघि सारे पनि यसले पार्ने दीर्घकालीन असर निकै भयानक छ । लोकतन्त्रको चौथो अंग मानिने निजी सञ्चारमाध्यमहरू, जसले संकटका बेला र लोकतन्त्र स्थापनामा ठूलो भूमिका खेलेका छन्, उनीहरूलाई आर्थिक रूपमा टाट पल्टाउने नियत यसमा देखिन्छ । यदि विज्ञापनमा बिचौलिया वा कर्मचारीको मिलेमतोमा भ्रष्टाचार भएको छ भने त्यसलाई नियन्त्रण गर्ने छुट्टै कानुनी संयन्त्र बनाउनुपर्छ । तर, ‘घाँटी दुखेको निहुँमा टाउको काट्ने’ शैलीमा सबै विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र लैजानु कदापि जायज हुन सक्दैन ।

अतः सरकारले ‘एकद्वार’ प्रणाली लागू गरेर सूचनामाथि एकाधिकार जमाउनुभन्दा ‘एकदर’ नीति लागू गर्नु उपयुक्त हुन्छ । प्रेस काउन्सिलको वर्गीकरणका आधारमा दररेट निर्धारण गरी निजी सञ्चारमाध्यमलाई पनि समान अवसर प्रदान गर्दा नै लोकतन्त्र र प्रेस स्वतन्त्रताको सम्मान हुन्छ । संघीय सरकारले आफ्ना आदेशात्मक शैली सच्याई स्थानीय र प्रदेश सरकारको स्वायत्तताको सम्मान गर्न र निजी क्षेत्रको योगदानलाई नजरअन्दाज नगर्न म यसै पत्रमार्फत आग्रह गर्दछु ।

**- अर्पण कार्की**
हेटौंडा, मकवानपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**जंगलमा डढेलो** | दाङ देउखुरीको गढवा गाउँपालिका-८, कोइलाबासस्थित दुर्गा सामुदायिक वन क्षेत्रमा मंगलबार राति लागेको डढेलो । *तस्बिर: रासस*

# गण्डक नहर सरसफाइ अभियान तीव्र

**वीरगञ्ज (पर्सा)–** नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले गण्डक नहरमा थुप्रिएको बालुवा, माटो तथा झारपात हटाउँदै सरसफाइ अभियानलाई तीव्र गतिमा अघि बढाएको छ । चालु आर्थिक वर्षमा कार्यालयले मुख्य नहरतर्फ पर्सामा छ किलोमिटर र बारामा पाँच किलोमिटर सरसफाइ तथा मर्मतसम्भार थालेको छ ।

कार्यालयका प्रमुख मनोजप्रसाद पटेलका अनुसार नहरमा माटोसहितको गेग्रचान थुप्रिँदै जाँदा नहरको आकार खुम्चिँदै गएको थियो । 'मुख्य नहरमा कार्यालयकै उपकरण र जनशक्ति परिचालन गरेर सरसफाइ गरेका छौं,' उनले भने, 'नहर वरपर स्थानीयले गरेको अतिक्रमणका कारण निकालिएको फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ ।'

नहर आसपासको जग्गा अतिक्रमण हुँदा नहरबाट निकालिने माटो, बालुवा र झारपात व्यवस्थापन गर्न कठिनाइ भएको छ । 'स्थानीयले नहर किनारमा घरटहरा, माछापोखरीलगायत संरचना निर्माण गर्दा सरसफाइपछि निस्कने वस्तु व्यवस्थापनमा समस्या भइरहेको छ,' उनले भने ।

गण्डक नहरको करिब २५ देखि ३० स्थानमा अतिक्रमणका समस्या देखिएको र त्यसको समाधानका लागि स्थानीय प्रशासन समन्वय भइरहेको उनले जानकारी दिए । शाखा नहरतर्फ पाँच खण्डमा विभाजन गरी ७५ किलोमिटर सरसफाइका लागि ठेक्का प्रक्रिया अघि बढाइएको छ । प्रत्येक खण्डमा १५ किलोमिटरका दरले काम गर्ने गरी करिब ४५ लाख रूपैयाँमा ठेक्का स्वीकृत भएको छ । गण्डक नहर संरचना ५० वर्ष पुरानो भएकाले नियमित मर्मतसम्भार आवश्यक रहेको उनले बताए ।

नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ मा गण्डक सिँचाइ तथा जलविद्युत् आयोजनासम्बन्धी सम्झौता भएको थियो । सोही सम्झौताअनुसार भारत सरकारले नारायणी नदीमा 'ब्यारेज' निर्माण गरेको हो । यहाँबाट मुलुकको २८ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । *रासस*

# वर्षाले गहुँबाली भिजाउँदा किसान चिन्तित

**कञ्चनपुर–** बुधबार दिउँसोदेखि परेको वर्षाले कञ्चनपुरका किसान प्रभावित भएका छन् । खेतमा पाकेर तयार भएको गहुँ काट्ने र भित्र्याउने समयमा वर्षा हुँदा किसान मर्कामा परेका छन् ।

कतिपय किसानको गहुँ काटिसके पनि थ्रेसिङ गर्न नपाउँदै पानीले भिजाउँदा उत्पादनमा क्षति पुगेको छ भने केही किसानले वर्षाको सम्भावनाका कारण गहुँ काट्नै नपाएको अवस्था छ । कृष्णपुर नगरपालिका राजघाटका मोहनसिंह चौधरीले मौसमबारे पूर्वानुमान गर्न नसक्दा मेसिन लगाएर काटेको गहुँ भित्र्याउन नपाउँदै भिजेको बताए ।

'मेसिनले गहुँ काट्यौं, तर पानी पर्ने थाहा भएन,' उनले भने, 'थ्रेसिङ गर्न नपाउँदै पानी परेपछि सबै गहुँ भिज्यो, अब वर्षा नरोकिए खेतमै उम्रिने चिन्ता छ ।' यस्तै शुक्लाफाँटा नगरपालिका-२ का भरतबहादुर चौधरीले वर्षाको जानकारी पाएपछि गहुँ काट्ने योजना नै स्थगित गर्नुपरेको बताए । उनले भने, 'गहुँ पाकेर खेतमै झर्ने अवस्था छ, वर्षा लम्बिए ठूलो नोक्सानी हुन्छ ।'

शुक्लाफाँटा नगरपालिका-पीपलाडीका प्रकाश चौधरीले हतारहतारमा पानी पर्ने क्रम सँगै गहुँ भित्र्याउन सफल भए पनि भुसा भने पानीले बिग्रिएको बताए । 'जोडबल गरी गहुँ थ्रेसिङ गरेर झ्यायौं,' उनले भने, 'भुसा पानीले भिजेर काम नलाग्ने भयो ।' चैत महिनाको अन्त्यको समय गहुँ भित्र्याउने हो । यस समयमा परेको वर्षाले उत्पादन र आम्दानी दुवैमा असर पार्छ । खेतमै भिजेको गहुँमा गुणस्तर घट्ने, ढुसी लाग्ने र अंकुर उम्रिने जोखिम बढ्छ । मौसमको अनिश्चितताले पछिल्ला वर्षमा खेतीपातीमा जोखिम बढ्दै गएको छ ।

शुक्लाफाँटा कृषि विकास शाखाका प्रमुख करनसिंह बुढाऐरका अनुसार काटिसकेको गहुँ पानीमा भिज्दा दानाको गुणस्तर घट्ने, भण्डारण गर्न समस्या हुने र बजार मूल्यसमेत कम हुने सम्भावना रहन्छ । त्यसैले किसानलाई मौसमको पूर्वानुमानअनुसार काम गर्न र सम्भव भएसम्म छिटो बाली भित्र्याउन सुझाव दिइएको उनले बताए । नगरपालिका क्षेत्रका ८५ प्रतिशत किसानले गहुँबाली भित्र्याइसकेका भए पनि १५ प्रतिशत जति किसानको बाली वर्षाका कारण प्रभावित भएको हुनसक्ने उनको भनाइ छ । *रासस*

# म्याग्दीमा शैक्षिक सत्रअगावै भित्रियो पाठ्यपुस्तक

**म्याग्दी (प्रस)–** आगामी शैक्षिक सत्र २०८३ को लागि म्याग्दीका सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई वितरण गरिने पाठ्यपुस्तक जिल्लामा भित्रिएको छ ।

पुस्तक व्यवसायीहरूले शैक्षिक सत्रअगावै पाठ्यपुस्तक भित्र्याएर विद्यालयहरूलाई वितरण गर्न थालेका हुन् । नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ म्याग्दीका अध्यक्ष नारायण शर्माले पोखरास्थित जनक शिक्षा सामग्री केन्द्रबाट आवश्यक पुस्तक खरिद गरी बेनी ल्याइसकेको जानकारी दिए ।

'विगत १० वर्षदेखि म्याग्दीका पुस्तक व्यवसायीहरूले बेनीमा सामूहिकरूपमा बिक्री कक्ष स्थापना गरेर विद्यालयमा पुस्तक पुर्‍याउन गरेको अभ्यासलाई यसपालि पनि निरन्तरता दिएका छौं,' उनले भने, 'नयाँ शैक्षिक सत्रको पठनपाठन सुरु हुनुअघि नै यही महिनाभित्र सबै विद्यालयमा पुस्तक पुर्‍याउने लक्ष्यसहित बिक्री कक्ष सञ्चालन गरेका छौं ।'

भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रका विद्यालयहरूलाई प्राथमिकता दिएर जिल्ला शिक्षा विकास तथा समन्वय एकाइको तथ्यांकअनुसार पुस्तक प्याकिङ गरेर पालिकाको केन्द्रमा रहेका पुस्तक पसलसम्म ढुवानीको व्यवस्था मिलाएको पनि शर्माले बताए । मंगलबारदेखि पुस्तक विद्यालयमा पठाउन सुरु गरिएको उनले बताए ।

महासंघमा आबद्ध २८ जना पुस्तक व्यवसायीले संयुक्तरूपमा बिक्री कक्ष सञ्चालन गरेका हुन् । महासंघमा आबद्ध नभएका पुस्तक व्यवसायी भीमबहादुर श्रेष्ठले पनि मागअनुसारका पुस्तक भित्र्याएर वितरण गर्न थालिसकेको बताए ।

म्याग्दीका सामुदायिक विद्यालयका कक्षा १ देखि १० सम्म १७ हजार ३३६ सेट पुस्तक आवश्यक पर्छ । निजी विद्यालयहरूमा करिब छ हजार विद्यार्थी छन् । बालकक्षामा एक हजार ९०६, कक्षा १ मा एक हजार ४६४, कक्षा २ मा एक हजार ३४५, कक्षा ३ को एक हजार ४०२ र कक्षा ४ को एक हजार ४६६ जना विद्यार्थीलाई लक्षित गरेर पुस्तक ल्याएको महासंघका सचिव ध्रुवराज सुवेदीले बताए ।

कक्षा ५ मा एक हजार ५२७, कक्षा छ मा एक हजार ६१०, कक्षा ७ मा एक हजार ६०१, कक्षा ८ मा एक हजार ७०६, कक्षा ९ मा एक हजार ७३२ र कक्षा १० मा एक हजार ४९७ विद्यार्थी रहेका छन् । उक्त संख्याका विद्यार्थीका लागि यस वर्ष १३ हजार २४५ थान पुस्तक म्याग्दी आइपुगेका छन् । गत वर्षको मौज्दात रहेको पुस्तक पनि रहेकाले अभाव नहुने सचिव सुवेदीले बताए ।

# सुदूरपश्चिममा १० प्रतिशतले बढ्यो गरिबी

**दोधारा चाँदनी (कञ्चनपुर)–** सुदूरपश्चिम प्रदेशमा १० प्रतिशतले गरिबी बढेकामा प्रदेश सरकारले चिन्ता व्यक्त गरेको छ । दोस्रो पञ्चवर्षीय योजनालाई अन्तिम रूप दिने चरणमा रहेको प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ को तुलनामा चालु आवमा गरिबी बढेको बताएको हो ।

प्रदेश नीति तथा योजना आयोगले अहिले सुदूरपश्चिमका विभिन्न स्थानीय तहमा पुगेर दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदामाथि छलफल गरिरहेको छ । आव २०७७/७८ मा पहिलो पञ्चवर्षीय योजना बनाउँदा सुदूरपश्चिमको गरिबी २४.६ प्रतिशत रहेकामा त्यो बढेर ३४.१६ पुगेको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा निर्माणका विज्ञ सदस्य डा. हेमराज लामिछानेले बताए । अछाममा सबैभन्दा बढी गरिबी ४९.५८ प्रतिशत छ ।

रोजगारी सिर्जना र सीप विकास, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच, कृषि र ग्रामीण अर्थतन्त्रको सुदृढीकरण, सामाजिक सुरक्षा र लक्षित कार्यक्रम र सुशासन र प्रभावकारी कार्यान्वयनलाई दोस्रो योजनाले जोड दिएको उनले बताए । 'यो योजनामा आत्मनिर्भर समुन्नत सुन्दर सुदूरपश्चिम दीर्घकालीन सोचका साथ योजना तयार पारिएको छ । उत्पादन र उत्पादकत्व वृद्धि गरी गरिबी निवारण, रोजगारी सिर्जना तथा आयस्तरमा सुधार गर्नु दोस्रो पञ्चवर्षीय योजनाको उद्देश्य छ,' विज्ञ सदस्य लामिछानेले भने, 'गुणस्तरीय, सहज र दिगो पूर्वाधार विकास, स्वस्थ, सक्षम र सम्मानजनक जीवनयापन सुनिश्चित गर्ने उद्देश्य छ ।'

प्रदेश सरकारले जलवायु अनुकूलन, जैविक विविधताको संरक्षण, संवर्द्धन र प्राकृतिक स्रोतको दिगो उपयोग, सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउनुका साथै विपद् जोखिम न्यूनीकरण र प्रविधिमैत्री प्रदेशको विकासलाई योजनामा समेटेको छ । *रासस*

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक २६८ चैत २२ गते २०८२ मा प्रकाशित शुभप्रभा बचत तथा ऋण सहकारी संस्था लि.को धितो लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचनामा त्रिृणीको विवरण : दिपेश अधिकारीको बुबाको नाममा : वृद्धि प्रसाद अधिकारी हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

## बिश्वरूप बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा-७, चावहिल, काठमाडौं, फो नं.- ०१-४५८३५९६**

### धितो लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/२६ गते**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जा संस्थासँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी सो को जानकारी गराउदा समेत उक्त कर्जाको साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले संस्थासँग गरेको कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले सो कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैंतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको कार्यालय, कर्जा असुली शाखा, चावहिल, काठमाडौंमा आइपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको तिनपुस्ते विवरण | धनजमानिको तिनपुस्ते विवरण |
| --- | --- | --- |
| १. | **नाम : केदार विश्वकर्मा**<br>ना.प्र.नं. : २८६०८, दोलखा<br>बाबुको नाम : कृष्ण बहादुर विश्वकर्मा<br>बाजेको नम : लाल बहादुर विश्वकर्मा<br>ठेगाना : का.जि. बुढानिलकण्ठ-२, भंगाल, कपन | १. नाम : राजु विश्वकर्मा<br>ना.प्र.नं. : १४८८८५, सिन्धुपाल्चोक<br>बाबुको नाम : अमिर बहादुर विश्वकर्मा<br>बाजेको नाम : साने कामी<br>ठेगाना : सुनकोशी-४, सिन्धुपाल्चोक हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| | | २. नाम : केवल गुरू<br>बाबुको नाम : गणेश गुरू<br>बाजेको नाम : विष्णु गुरू<br>ठेगाना : चपुर-३, रौतहट<br>हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| **धितोको विवरण**: केदार विश्वकर्माको नाममा मालपोत कार्यालय चावहिलमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला बुढानिलकण्ठ-२, भंगाल हाल (साविक चपली भद्रकाली ८) नक्सा सिट नं.१०२०९०८१९ कित्ता नं.१९, क्षेत्रफल ९५.३८-०-०-० व.मी जग्गा घर लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |
| २. | **नाम : बिराज सिलवाल**<br>ना.प्र.नं. : २४१०७३/१८१५९ सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक<br>हाल का.म.न.पा-७, चावहिल, काठमाडौं | १. नाम : शर्मीला सिलवाल<br>ना.प्र.नं. : १५१०४७, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| | | २. नाम : निराज सिलवाल<br>ना.प्र.नं. : २४-०-३९-०५५३९, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| | | ३. नाम : धिरज विक्रम सिलवाल<br>ना.प्र.नं. : २४-०-७१-००४७५, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| **धितोको विवरण**: बिराज सिलवाल, निराज सिलवाल र धिरज विक्रम सिलवालको संयुक्त नाममा मालपोत कार्यालय सिन्धुपाचोक, चौतारामा संयुक्तको नाममा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला भोटेनाम्लाङ -९, मा रहको वडा नं./नक्सा सिट नं.९ कित्ता नं.३४७, ३४८, रैकर निजी क्षेत्रफल, रोपनी/ब.मि ५-२-३-२, २६३५.११, ६-८-३-०, ३३३०.६६ जम्मा क्षे.फ.व.मी ५,९६५.७७ जग्गा लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तबन्देजहरू :**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको कार्यालय चावहिलबाट रू.१०००/- तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको कुमारी बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नं: १२९००६३३३८९००००१ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३:०० बजे विभिन्न सरकारी कार्यालयको प्रतिनिधीहरुको उपस्थितिमा खोलिने छ ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको कार्यालय, चावहिलमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै ब्यहोर्नु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र दाखिल भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।
१०. लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८३/०१/३१ गते बिहीबार**
**समय : अपरान्ह ३:०० बजे**
**स्थान : संस्थाको कार्यालय, चावहिल ।**

**पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमूल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### Invitation For Bid (IFB)

**Date Of Publication : 2082-12-26 B.s (2026-04-09 A.d)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures

| Contract Identification NO. | Description of Work | Estimated Amount With (VAT and P.S) | Bid Security NRs | Bid Fee NRs | Bid Validity Period | Bid bond security period | Remarks |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| 50/NCB/ WORKS/ROAD/ KPLRM/2082-83 | Track open for grading from mathillo kade via manedada to thamdada at kplrm-01, Solukhumbu | 5,555,577.97 | 140,000.00 | 3000.00 | 90 Days | 120 Days | |

1. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
2. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No.038590066, email: itokhumbupasanglhamumun@gmail.com

**Chief Administrative Officer**

# प्रभाव दैनिक

बिहीबार, २६ चैत २०८२ (Thursday, 09 April 2026)


## रूपशाला

### बालाको 'लमजुङे सोल्टिनी' बजारमा

जापानलाई कर्मथलो बनाउँदै आएकी लोकप्रिय गायिका बाला दुराले लोकलयमा आधारित दोहोरी गीत 'लमजुङे सोल्टिनी'को भिडियो बजारमा ल्याएकी छिन् । गायिका दुरालाई आवाजमा मौसम गुरूङले साथ दिएका छन् भने म्युजिक भिडियोमा गणेशमान घले, रजनी गुरूङ, मनोज गुरूङ र सिञ्जो दुराको अभिनय रहेको छ । वरिष्ठ सर्जक शिव हमालको गीत र मौसम गुरूङको संगीतमा तयार पारिएको लमजुङे सोल्टिनीमा तन्नेरी जोडीबीचको अगाढ माया र प्रेममा समर्पित भावलाई सुन्दर ढंगले लोकलयमा उतारिएको छ । उक्त म्युजिक भिडियो आफ्नै बाला दुरा युट्युब च्यानलमार्फत हालैमात्र सार्वजनिक गरेकी हुन् ।



# 'पहाड' र 'राम नाम सत्य' प्रदर्शन हुँदै






■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँवर्ष २०८३ साललाई लक्षित गर्दै दुई नेपाली चलचित्र 'पहाड' र 'राम नाम सत्य' प्रदर्शन हुने भएको छ । दुवै चलचित्रका निर्माताले नयाँ वर्षको अवसर पारेर नेपालसँगै विदेशमा चलचित्र प्रदर्शनको तयारी गरिरहेको जानकारी दिएका छन् ।

आगामी चैत २७ गतेदेखि प्रदर्शन हुने चलचित्र 'राम नाम सत्य' मा द्वन्द्वसँगै सामाजिक कथावस्तु रहेको अभिनेता विराज भट्टले बताए । अभिनेता भट्टले चलचित्रको आकर्षणका रूपमा द्वन्द्व, गीतसंगीत भएता पनि पटकथाले नै दर्शकलाई खुसी बनाउन सक्नुपर्नेमा बताए । उनले भने, 'हामीले द्वन्द्वका दृश्य वा चल्ने गीत राखेर चलचित्रलाई दर्शकले रुचाउँछन् भन्ने सोच्नु गलत हो । चलचित्र सफल हुनुमा यसको विषयवस्तु र त्यसका लागि तयार गरिएको पटकथा महत्वपूर्ण हुन्छ । हामीले हेर्ने द्वन्द्वका दृश्य कथासँग जोडिएका हुनुपर्छ, अनि दर्शकले 'कनेक्ट' भएको महसुस गर्छन् ।'

चलचित्र 'राम नाम सत्य' मार्फत नयाँ अनुहार आयुष सिंह ठकुरी र खुसी कार्कीले अभिनय यात्रा सुरू गर्दैछन् । उक्त चलचित्रमा सुशील श्रेष्ठ, दिव्या रायमाझी, प्रशान्त ताम्राकार, सुपुष्पा भट्ट, सुनिल थापा, सुधिर श्रेष्ठलगायतका कलाकारले अभिनय गरेका छन् । नृत्य निर्देशकको रूपमा चिनिएका माइकल चन्दको निर्देशनमा चलचित्र तयार भएको छ । सामाजिक संदेशसँगै पूर्ण मनोरञ्जक बनाउने कोसिसका साथ चलचित्रमा आफूले काम गरेको निर्देशक चन्दले जानकारी दिए ।

'म नेपाली चलचित्रको नियमित दर्शक हुँ, दर्शकको ताली र गालीलाई मैले चलचित्र भवनमा देखेको छु । त्यसकारण मैले सामाजिक सन्देशसँगै मनोरञ्जन दिने सम्पूर्ण तत्वलाई चलचित्रमा समावेश गरेको छु । यसले सम्पूर्ण वर्गका दर्शकलाई आकर्षित गर्छ', निर्देशक चन्दले भने ।

उक्त चलचित्रका लागि आफूले विगत पाँच वर्षदेखि कथा, पटकथामा काम गरेर तयारी गरिरहेको उनले जानकारी दिए । उक्त चलचित्रमा मानकृष्ण महर्जनले छायांकन, श्री श्रेष्ठले द्वन्द्व निर्देशन, बन्दे प्रसादले सम्पादन, सियोन श्रेष्ठले नृत्य निर्देशन गरेका छन् ।

यसैगरी निर्देशक तुलसी घिमिरे निर्देशन गरेको आगामी वैशाख १ गते प्रदर्शन हुने चलचित्र 'पहाड' युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चित्रण गरेर तयार गरिएको छ । उनले चलचित्रको कथाले पहाड मात्र नभई समग्र देशकै अवस्थालाई दर्शाउने बताए ।

निर्देशक घिमिरेले भने, 'पहाड एकदमै सुन्दर ठाउँ हो । तर, पछिल्लो समय युवा पलयान भएका छन्, पहाडमा बसोबास गर्ने रोजगारीका लागि बसाइ सरेका छन् । हेर्दा हेर्दै पहाड उजाड झैँ देखिन थालेको छ, यही विषयलाई लिएर चलचित्र तयार गरेको छु ।'

निर्देशक घिमिरेले दर्शकसँगै यो चलचित्र घर, परिवार र समाजसम्म विचारको रूपमा पुग्ने विश्वास व्यक्त गरे । भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको 'पहाड' मा बिपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनु नाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, उमा गिरीलगायतका कलाकारको अभिनय रहेको छ ।

निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै चलचित्रमार्फत अभिनेत्रीको रूपमा दर्शकसामु ल्याएका छन् । अभिनेत्री घिमिरेले आफूभन्दा अग्रजसँग काम गर्न पाउँदा अनुभवसँगै चुनौती महसुस गरेको बताइन् ।

'मेरो लागि यो एउटा अवसर थियो र सँगै चुनौती पनि । मभन्दा सबै अग्रज र स्थापित कलाकार हुनहुन्छ, उहाँहरूबाट मैले धेरै कुरा सिक्ने मौका पाएकी छु । मैले आफ्नो भूमिकालाई जीवन्त बनाउन सक्दो मेहिनत गरेकी छु', अभिनेत्री घिमिरेले भनिन् । चलचित्रमा प्रमोद प्रधानले छायांकन, रञ्जितसिंह गजमेरले संगीत निर्देशन, कुमार महर्जनले द्वन्द्व निर्देशन, शंकर कोइराला र भारती घिमिरेले दृश्य सम्पादन गरेका छन् ।

# 'एक्का तीन'मा पुष्प फाइनल पूजासँग जोडी पक्का

■ प्रभाव संवाददाता

**काठमाडौं –** आउँदो वर्षको जेठ महिनाबाट फिल्म 'एक्का तीन'को छायांकन सुरु हुने भएको छ । फिल्मका निर्देशक रूपेश तामाङले धमाधम कलाकार फाइनल गर्दै अघि बढेको र प्रि-प्रोडक्सनको तयारी अन्तिममा पुगेको बताएका छन् । यो फिल्ममा नायिका पूजा शर्मा फाइनल भइसकेकी छिन् । अब, फिल्ममा नायक पुष्प खड्काको पनि प्रवेश भएको छ । पुष्पसँग कागजी संझौता गर्दै निर्माण टिमले लाइनअप बलियो बनाइरहेको छ ।

यो फिल्मलाई एक्सन जनरामा निर्माण गर्ने तयारी रूपेशको छ । फिल्ममा पुष्पको भूमिका के हुन्छ भन्ने खुलाइएको छैन । निर्माणपक्षले दिएको जानकारी अनुसार, फिल्मबाट एक-एक जना नव-नायक र नव-नायिकालाई भित्राउने तयारी पनि गरिएको छ । सुमन गजमेरले यो फिल्मको कथा लेखेका हुन् । फिल्मलाई जुना फिल्मस् र



अधिरा फिल्मस्ले निर्माण गर्दैछन् । पुष्प र पूजाले फिल्म '३६ को आँकडा'मा पनि पर्दा शेयर गरेका छन् । केही म्युजिक भिडियोमा काम गरेका यी दुइलाई दर्शकले ठूलो पर्दामा प्रतिक्षा गरिरहेका छन् ।


**मलेसियामा शुन्य लागतको रोजगार !! FREE VISA !! FREE TICKET!!**

कम्पनी : CENTURY FOOD PARADISE SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/१६ LT. No. 340288 चलानी नं. ६०२५३७०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 20 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३ गते (16th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

श्रम ईजाजत नं. १४०४/०७४/०७५



**मलेसियामा रोजगार** कम्पनी : BENS KITCHEN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२५ LT. No. 340495 चलानी नं. ६०२५३८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 50 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३ गते (16th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKYWAYS BUREAU SERVICES PVT.LTD.**

Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com

Govt. License No. 871/066/67


## रंगशाला

### एचजेनएबीएल

# गोल्डेनगेट र टाइम्सले दोस्रो क्वालिफायर खेल्ने, हाउण्ड्स बाहिरियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** हिमालयन जाभा नेशनल बास्केटबल लिग (एचजेएनबीएल) २०२६ अन्तगर्त मंगलबार भएको एलिमिनेटरमा टाइम्स बास्केटबल क्लबले केभीसी हाउण्ड्सलाई पराजित गर्दै दोस्रो क्वालिफायरमा स्थान बनाएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा भएको खेलमा टाइम्सले हाउण्ड्सलाई ७६-६८ को अन्तरले पराजित गरेको हो । टाइम्सले अब फाइनल प्रवेशका लागि दोस्रो क्वालिफायरमा गोल्डेनगेट बास्केटबल क्लबसँग बिहीबार प्रतिस्पर्धा गर्नेछ ।

पहिलो क्वालिफायरमा त्रिभुवन आर्मी क्लबसँग पराजित भएको गोल्डेनगेटले फाइनल पुग्ने अर्को अवसर पाएको हो । पराजित हाउण्ड्स भने लिगबाट बाहिरिएको छ । पहिलो क्वाटरमा टाइम्सले २४-१८ को अग्रता लिँदै राम्रो सुरुवात गरेको थियो । दोस्रो क्वाटर हाउण्ड्सले १८-१२ ले आफ्नो पक्षमा पारेपछि हाफटाइसम्मको स्कोर ३६-३६ को बराबरीमा पुगेको थियो ।

त्यसपछि टाइम्सले तेस्रो क्वाटर २१-१२ ले आफ्नो पक्षमा पार्दै चौथो क्वाटरअघि ५७-४८ को अग्रता बनायो । चौथो तथा अन्तिम क्वाटरमा हाउण्ड्सले २०-१९ को अग्रता लिएपनि टाइम्सलाई जितबाट रोक्न सकेन ।




लिग चरणमा टाइम्स तेस्रो र हाउण्ड्स चौथो भएको थियो । लिग चरणमा दुवैले एक आपसमा दुई खेल खेल्दा एक-एक खेल जितेका थिए ।

टाइम्सका लागि श्रेयास बहादुर थापाले सर्वाधिक २३ अंक स्कोर गरे भने टाइम्सका मनिष केसी म्यान अफ दि म्याच घोषित भए ।

### प्रधानमन्त्री कप क्रिकेट

# वर्षाले प्रभावित खेलमा मधेश प्रदेश विजयी

**काठमाडौं (प्रस)–** वर्षाले प्रभावित खेलमा गण्डकी प्रदेशलाई मधेश प्रदेशले पिएम कपमा डिएलएस मेथडमा १८ रनले हराएको छ । चौथो जितकासाथ मधेश अंक तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । जितको लागि १ सय ७३ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेशले २२ ओभरमा ५ विकेट गुमाएर ८० रन बनाएको थियो । यसपछि पानी पर्न सुरू भयो ।

जसको कारण खेल फेरि सुरू हुन सकेन् र डिएलएस मेथडमा मधेशको पक्षमा नतिजा गयो । गण्डकीका ओपनर अर्जुन कुमाल अविजित ४९ रनमा क्रिजमा थिए । यसअघि नारायणी क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको



मधेश प्रदेशले ३४.५ ओभरमा सम्पुर्ण विकेट गुमाउँदै १ सय ७२ रन बनायो । ओपनर मयन यादवले सर्वाधिक ४३ रन बनाए । उनले ३२ बल खेल्दै ५ चौका र १ छक्का प्रहार गरे ।

छैटौं क्रमका विशाल सुशलिङ अविजित ४० रनमा क्रिजमा रहे । कप्तान अनिल शाहले ३६ रन बनाउँदा विशाल पटेलले १८ रन र पवन सराफले ११ रन बटुले ।

यस बाहेक छ खेलाडीले दोहोरो रन छुन सकेनन्।बलिङमा सुबाश भण्डारी र अपराजित पौडलले समान ३ विकेट लिए । ६ खेलबाट ९ अंक सहित मधेश तेस्रो स्थानमा उक्लिएको छ । गण्डकीको यो चौथो हार हो । टोलीको ५ अंक रहेको छ ।


**ZERO COST RECRUITMENT Opportunity For Malaysia!!**
**RBA COMPLIANCE**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर !!**
**आर.वि.ए. मापदण्ड**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

COMPANY : STARLITE PRINTERS SDN BHD
कम्पनी : स्टारलाइट प्रीन्टर्स एसडीएन बीएचडी

Pre Approval Date : 2026/04/08 LT. No. 340483 Invoice No. 60253897
पूर्व स्वीकृति मिति : २०८२/१२/२५ एल टि न. ३४०४८३ चलानी नं. ६०२५३८९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator/General Workers | 9 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

नोट: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्योहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

| कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund | ने.रु.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it | रोजगारदाताले ब्यहार्ने By the Employer |
|---|---|---|---|

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Suhasha Link Pvt. Ltd. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 16th April, 2026 in office premisees.**
**अन्तर्वाता मिति २०८३ बैशाख ३ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4962338

License No. : 333/059/60

# अमेरिका र इरान दुई हप्ताको युद्धविराममा सहमत



**तेहरान–** अन्तिम क्षणसम्म तीव्र बनेको युद्धको जोखिमबीच अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विनाशकारी आक्रमणको चेतावनी फिर्ता लिएपछि भएको यस सहमतिले तत्कालका लागि तनाव घटाएको भए पनि क्षेत्रीय अवस्था अझै अस्थिर देखिएको छ ।

निर्धारित समयसीमा सकिन केही घण्टाअघि ट्रम्प प्रशासन युद्धबाट पछि हट्दै वार्ताको बाटो रोजेको हो । इरानले पनि युद्धविराम स्वीकार गरेको घोषणा गर्दै पाकिस्तानमा अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ । यद्यपि युद्धविराम कहिलेबाट लागू हुन्छ भन्ने स्पष्ट नभएकै अवस्थामा बुधबार बिहानसम्म इजरायल, इरान र खाडी क्षेत्रमा आक्रमणहरू जारी रहे ।

इजरायलले अमेरिका-इरानबीचको सहमतिलाई समर्थन जनाए पनि लेबनानमा हिजबुल्लाहसँगको लडाइँ यसमा नसमेटिएको स्पष्ट पारेको छ । इजरायली पक्षले इरानले आणविक वा क्षेप्यास्त्र खतरा पुनः नउठाउने सुनिश्चिततामा जोड दिएको छ ।

युद्धविरामको एक प्रमुख अंशका रूपमा स्ट्रेट अफ होर्मुज पुनः खोल्ने सहमति भएको बताइएको छ । यस मार्गमा इरानले आफ्नो नियन्त्रण केही खुकुलो पार्ने संकेत दिएको छ, तर पूर्णरूपमा खुला हुनेबारे अस्पष्टता कायम छ । इरान र ओमानले जलमार्ग प्रयोग गर्ने जहाजबाट शुल्क उठाउने योजना पनि अघि आएको छ, जसबाट प्राप्त रकम पुनर्निर्माणमा खर्च गरिने बताइएको छ ।

युद्ध अन्त्यका लागि इरानले अमेरिकी सेना क्षेत्रबाट फिर्ता, आर्थिक प्रतिबन्ध हटाउने र फ्रिज भएका सम्पत्ति फुकुवा गर्ने माग अघि सारेको छ । यसबीच, इरानले प्रस्ताव गरेको १० बुँदे योजनामा आणविक कार्यक्रमसम्बन्धी भाषा फरक-फरक संस्करणमा प्रस्तुत गरिएकाले थप अन्योल सिर्जना भएको छ ।

युद्धविराम घोषणा भएलगत्तै तेहरानमा सरकार समर्थक प्रदर्शनहरू चर्किएका छन् । प्रदर्शनकारीहरूले अमेरिका र इजरायलविरुद्ध नाराबाजी गर्दै झण्डा जलाएका छन्, जसले देशभित्रको कट्टर असन्तुष्टि झल्काउँछ ।

यसअघि ट्रम्पले सम्झौता नभए इरानी 'सभ्यता' नै नष्ट गर्ने चेतावनी दिएका थिए, जसले अन्तर्राष्ट्रियस्तरमा आलोचना निम्त्याएको थियो । संयुक्त राष्ट्रसंघका अधिकारीहरू र कानुनी विज्ञहरूले त्यस्ता सम्भावित आक्रमणलाई अन्तर्राष्ट्रिय कानुनविपरीत ठहर गरेका छन् ।

फेब्रुअरीदेखि सुरु भएको द्वन्द्वमा हजारौं मानिसले ज्यान गुमाइसकेका छन् । इरान, इजरायल, लेबनान र खाडी क्षेत्रमा फैलिएको हिंसाले ठूलो मानवीय र आर्थिक क्षति पुऱ्याएको छ । जलडमरूमध्यमा इरानको नियन्त्रणले विश्व अर्थतन्त्रमासमेत दबाब सिर्जना गरेको छ ।

युद्धविरामको सहमति भए पनि दुवै पक्षबाट आक्रमण पूर्णरूपमा रोकिएको छैन । अमेरिकाले आक्रामक कारबाही रोकेको दाबी गरे पनि रक्षात्मक गतिविधि जारी रहेको जनाएको छ भने इजरायल र इरानबीच प्रत्यक्ष आक्रमण आदानप्रदान भइरहेको छ ।

कूटनीतिक प्रयास तीव्र भइरहेका बेला दुई हप्ताको यो समयावधि स्थायी समाधानतर्फ जाने अवसर बन्ने वा फेरि द्वन्द्व चर्किने हो भन्ने अझै अनिश्चित छ । *रासस/एपी*

# दुवै पक्षद्वारा जितको दाबी



**वासिङ्टन–** एक महिनाभन्दा बढी समयदेखि चलेको भीषण द्वन्द्वपछि अन्तिम घडीमा अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन् । तर गोलीबारी रोकिए पनि दुवै पक्षले आफूलाई विजेता घोषणा गरेकाले तनावको मूल कारण अझै समाधानतर्फ नपुगेको संकेत देखिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तय गरेको समयसीमा सकिन एक घण्टा बाँकी रहँदा सहमति जुटेको हो । त्यसपछि दुवै देशले युद्धविरामलाई आ-आफ्नो जितका रूपमा प्रस्तुत गरेका छन् । ट्रम्पले यसलाई अमेरिकाका लागि 'पूर्णतः निर्णायक विजय' भएको बताएका छन् भने इरानले पनि आफूले 'ऐतिहासिक र निर्णायक जित' हासिल गरेको दाबी गरेको छ ।

इरानी सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले जारी गरेको विज्ञप्तिमा इरानी राष्ट्रविरुद्ध गरिएको युद्धलाई 'अवैध र आपराधिक' भन्दै शत्रुले लज्जास्पद पराजय बेहोरेको उल्लेख गरिएको छ । त्यस्तै, इरानले यस विरामलाई स्थायी समाधानतर्फको पहिलो कदमका रूपमा लिँदै अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ । वार्ता पाकिस्तानमा शुक्रबारदेखि सुरु हुने तय गरिएको छ ।

यसबीच, ह्वाइट हाउसले इजरायल पनि युद्धविराममा सहमत भएको जनाएको छ । तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले स्पष्ट पार्दै यो सहमति लेबनानमा लागू नहुने बताएका छन् । लेबनानमा इरान समर्थित हिजबुल्लाहसँगको द्वन्द्वमा हालसम्म एक हजार ५०० भन्दा बढी मानिसको ज्यान गइसकेको जनाइएको छ ।

इजरायलले सुरुबाटै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष संलग्न हुन आग्रह गर्दै आएको थियो । फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनी मारिएको दाबीसमेत गरिएको छ, जसले द्वन्द्वलाई थप चर्काएको थियो ।

ट्रम्पले युद्धविरामको निर्णय लिनुअघि पाकिस्तानी नेतृत्वसँग परामर्श गरेको बताएका छन् । उनका अनुसार पाकिस्तानले इरानमाथि 'विनाशकारी सैन्य कारबाही रोक्न' आग्रह गरेको थियो । उनले चीनले पनि इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको विश्वास व्यक्त गरे ।

युद्धविरामको मुख्य सर्तका रूपमा इरानले विश्वको महत्त्वपूर्ण तेल मार्ग होर्मुज जलडमरूमध्य दुई हप्ताका लागि सुरक्षितरूपमा खोल्ने सहमति जनाएको छ । फेब्रुअरी २८ देखि सुरु भएको युद्धका क्रममा बन्द गरिएको यस मार्गबाट विश्वको झण्डै पाँचौं भाग तेल आपूर्ति हुने भएकाले यसको खुला हुनु विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले आक्रमण रोकिए इरानले पनि आफ्नो रक्षात्मक कारबाही रोक्ने बताए । यसबीच, युद्धविराम घोषणा भएपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य १७ प्रतिशतभन्दा बढीले घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ ।

यद्यपि दीर्घकालीन समाधानका विषयमा अझै मतभेद कायम छन् । इरानले अमेरिकी प्रतिबन्ध हटाउने, होर्मुजमा आफ्नो प्रभुत्व स्वीकार गर्नुपर्ने र क्षेत्रबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने माग अघि सारेको छ । साथै, आफ्नो युरेनियम संवर्द्धन कार्यक्रमलाई मान्यता दिनुपर्ने अडान पनि दोहोऱ्याएको छ ।

ट्रम्पले भने कुनै पनि अन्तिम सम्झौतामा इरानको आणविक कार्यक्रम पूर्णरूपमा नियन्त्रणमा ल्याइनुपर्ने बताएका छन् । इरान आणविक हतियार नजिक पुगेको उनको दाबीलाई अन्तर्राष्ट्रिय निकायहरूले भने समर्थन गरेका छैनन् । यदि वार्ता असफल भयो भने के पुनः आक्रमणमा फर्किने भन्ने प्रश्नमा ट्रम्पले स्पष्ट जवाफ दिएनन्, तर आवश्यक परे कठोर कदम चाल्न सकिने संकेत दिए ।

युद्धविरामअघि दुवै पक्षले व्यापक आक्रमण गरेका थिए । अमेरिका र इजरायलले इरानका पुल, रेलमार्ग र सैन्य पूर्वाधारमा प्रहार गरेका थिए भने इरानले खाडी क्षेत्रमा मिसाइल र ड्रोन आक्रमण गरी प्रतिकार गरेको थियो । यी आक्रमणहरूले क्षेत्रीय सुरक्षा अवस्थालाई गम्भीररूपमा प्रभावित पारेको छ ।

कतार, बहराइन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा विष्फोटका आवाज सुनिएको र केही स्थानमा घाइते भएको रिपोर्ट आएको छ । बगदादमा क्षेप्यास्त्र आक्रमणमा एक बालकसहित दुई सर्वसाधारणको मृत्यु भएको जनाइएको छ ।

युद्धको त्रास आमनागरिकमा गहिरो देखिएको छ । तेहरानकी एक विद्यार्थीले आफू र अन्य नागरिकहरू अत्यन्त डरमा बाँचिरहेको बताएकी छन् । यसबीच, इरानमा ऊर्जा संरचनाको सुरक्षाका लागि नागरिकहरूले मानव साङ्लो बनाएको दृश्य सार्वजनिक भएको छ । *रासस/एएफपी*

# अमेरिका-इरान युद्धविराम वार्ताको आयोजना गर्दै पाकिस्तान



**इस्लामावाद (पाकिस्तान)–** पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले मध्यपूर्व युद्धविरामको घोषणापछि यस हप्ताको अन्त्यमा पाकिस्तानले अमेरिका र इरानका प्रतिनिधिमण्डललाई इस्लामाबादमा स्वागत गर्ने बताएका छन् ।

उनले दुवै देशको नेतृत्व प्रति कृतज्ञता व्यक्त गर्दै विवाद समाधानार्थ निर्णायक वार्ता गर्न सन् २०२६ अप्रिल १० तारिख शुक्रबार इस्लामाबादमा उनीहरूको प्रतिनिधिमण्डललाई सामाजिक सञ्जाल एक्समार्फत आमन्त्रित गरेका छन् ।

पछिल्लो समयमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग घनिष्ठ सम्बन्ध बनाउँदै छिमेकी इरानप्रति संवेदनशील रहेको पाकिस्तान हाल तेहरान र वासिङ्टनबीच मध्यस्थकर्ता रूपमा देखापरेको छ । पाकिस्तानी प्रधानमन्त्री सरिफले 'इस्लामाबाद वार्ता' दिगो शान्ति प्राप्त गर्न सफल हुने विश्वास व्यक्त गरेका छन् ।

तेहरान र वासिङ्टन दुवैले राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानलाई नष्ट गर्ने समयसीमा समाप्त हुनुभन्दा एक घण्टा अघिमात्र दुई हप्ताको युद्धविरामका लागि सहमति भएको बताएका छन् । इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण गरेपछि युद्ध सुरु भएको थियो । फेब्रुअरी-२८ मा सर्वोच्च इरानी नेताको हत्या भएको थियो भने तेहरानबाट प्रतिक्रया स्वरूप खाडी राष्ट्रहरू र इजरायलमाथि जवाफी आक्रमणहरू भएका थिए ।

इरान समर्थित समूह हेजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि द्वन्द्वमा तानिएको थियो । सरिफले लेबनानसहितका क्षेत्रमा युद्धविराम लागू भएको बताएका छन् । यद्यपि इजरायलले त्यस क्षेत्रमा हेजबुल्लाहविरुद्ध कारबाही गरिरहेको जनाउँदै यस क्षेत्रमा युद्धविराम लागू नभएको जिकिर गरेको छ ।

इरानका सबै पावर प्लान्ट र पुलहरू नष्ट गर्ने ट्रम्पको धम्कीलाई रोक्न पाकिस्तानलगायतका मध्यस्थकर्ताहरूको आह्वानमा अस्थायी युद्धविराम भएको जनाइएको छ ।

टर्की र इजिप्टले पनि हालैका दिनहरूमा मध्यस्थता गर्न मद्दत गरिरहेका थिए, भने चीनले इरानलाई वार्ताको टेबलमा ल्याउन मद्दत गरेको ट्रम्पलाई उद्धृत गर्दै एएफपीले जनाएको छ । *रासस/एएफपी*


## विश्वरूप वचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा-७, चावहिल, काठमाडौं, फोन नं.०१-४५८३५९६

**गैह्र बैंकिङ सम्पत्ति सिलबन्दी बोलपत्र मार्फत बिक्री गर्ने ३५ दिने सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८२/१२/२६ गते*

यस संस्थाको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ सम्पत्ति जे जस्तो अवस्थामा छ । सोही अवस्थामा, सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम गोप्य सिलबन्दी बोलपत्रद्वारा गैह्र बैंकिङ सम्पत्ति विक्री गर्नुपर्ने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/संस्थाबाट तपसिलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र तोकिएको समय अवधिभित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

यस संस्थाको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण :

| क्र.सं. | सम्पत्ति रहेको ठेगाना | वडा नं./ नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफलर व.मि. |
|---|---|---|---|---|
| १. | चितवन जिल्ला साबिक जुटपानी गा.बि.स.-५ हाल कालिका नगरपालिका-६ | ५ (क) | १३१२ | ०-१६-८.२५-० विघा (०-२०-२०-४) ५५५७.७५ व.मि. |

**शर्तहरू:**

१. बोलपत्र फारम यस संस्थाको कार्यालय काठमाडौं का.म.न.पा-७ चावहिलबाट रु.२०००/- (अक्षरेपी दुई हजार रूपैया) मात्र फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ । बोलपत्रमा उल्लेख भएका बिषय बाहेक अन्य कुनै शर्त राखी बोलपत्र पेस गरेमा त्यस्तो बोलपत्र स्वतः रद्द हुनेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको कुमारी बैंक चावहिल शाखामा रहेको खाता नं. १२९००६३३३८९००००१ मा जम्मा गरेको भौचर बोलपत्र पेश गर्दा अनिवार्य सम्लग्न गरि पेश गर्नुपर्नेछ ।
४. विक्री हुने गैह्र बैकिङ सम्पत्तिको निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको कार्यालय समयभित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था वा परिमाणमा स्वीकार गरी लिनुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सुचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनुपर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूँजीगत लाभकर, मालपोत कर, अन्य दै-दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
७. रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने लगायत लिलाम सम्बन्धी सम्पूर्ण कार्य गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. गैह्र बैंकिङ सम्पत्ति विक्री गर्ने सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट वा त्यस लगत्तै कार्यालय खुलेको दिनमा प्राप्त भएका बोलपत्रहरू बोलपत्र पेश गरेको व्यक्ति वा निजको प्रतिनिधिहरू तथा विभिन्न सरकारी निकायहरूका प्रतिनिधिहरूको रहोबरमा बोलपत्र खोलिनेछ । बोलपत्र पेश गर्ने व्यक्ति तथा निजको प्रतिनिधि बोलपत्र खोल्ने समय वा दिनमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई कुनै बाधा पर्ने छैन ।

**सिलबन्दी बोलपत्र खोल्ने मिति, स्थान र समय :**
**मिति** : २०८३/०१/३१ गते, बिहीबार
**स्थान** : संस्थाको कार्यालय का.म.न.पा.-७, चावहिल, काठमाडौं
**समय** : अपरान्ह ३:०० बजे ।



**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
**वीरेन्द्रनगर, सर्खेत, नेपाल**

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/२६**

यस केन्द्रबाट तपसिल बमोजिमको कार्य विद्युतीय सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त सेवा प्रदायक संस्थाहरूबाट रीतपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मा हेर्न हुन समेत सूचित गरिन्छ।

**तपसिल:**

| क्र. सं | ठेक्का नम्बर | खरिद सम्बन्धी कार्यको विवरण | फाराम दस्तुर रु. | जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र जमानत मान्य अवधि | सिलबन्दी दरभाउपत्र पेस गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | PHLMC/ KP/G/SQ- 03/2082-083 | Procurement of Supply and Delivery of Free Health Service Medicines (Package-I) | १००० | १,०५,००० | ७५ दिन | २०८३/०१/११ गतेमध्यान्ह १२:०० बजे सम्म | २०८३/०१/११ गते मध्यान्ह १:०० बजे सम्म |

**निमित्त निर्देशक**



## खुम्बु पासाङल्हामु गाउँपालिका
**Khumbu Pasanglhamu Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

**आर्थिक प्रस्ताव सम्बन्धी सूचना**

**Date of publication: 2082-12-26 (9th April, 2026)**

यस कार्यालयबाट मिति २०८२।११।०४ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान को सूचना अनुसार PPMO को Web Portal www.bolpatra.gov.np/egp मार्फत रितपुर्वक दर्ता भएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिलका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताब सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले, सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ को प्रयोजनार्थ सम्पुर्ण सरोकारवालाहरूको जनकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताहरूको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| 1 | 36/NCB/WORKS/ ROAD/ KPLRM/ 2082-83 | Nasagaara to Lukla Road Track Open kplrm-02, Solukhumbu | Rikot/Brothers JV | २०८२ बैशाख ०३ १:०० बजे (16th April 2026 13:00 hrs) |
| | | | N.S-Shrijanshil J.V | |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९९००० | प्रति तोला – ० | प्रति तोला – ५०२५ |



**हिमालको छायाँ** | मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित समून्द्री सतहको दुई हजार ८३० मिटरको उचाईमा अवस्थित प्राकृतिक ढुम्बाताल र तालमा देखिएको निलगिरि हिमालको बिम्ब ।
*तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# सार्वजनिक र मालवाहक सवारीसाधनको भाडा बढ्यो

**काठमाडौं (प्रस)**– भाडा समायोजनको नाममा सरकारले सार्वजनिक सवारी र मालवाहक सवारीसाधनको भाडा बढाएको छ । इन्धनको मूल्य बढेको भन्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यातायात व्यवस्था विभागलाई सार्वजनिक यातायातको भाडा बढाउन सहमति दियो । उक्त सहममतिपछि विभागले बुधबार नयाँ भाडादर सार्वजनिक गरेको हो ।

इन्धनको मूल्य बढेपछि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सार्वजनिक र मालवाहक सवारीसाधनको भाडा समायोजन गर्न माग गर्दै आएको थियो । विभागका सूचना अधिकारी गणेशमान सिंह राईले भाडा समायोजनका विषयमा

> “ यात्रुवाहक सवारीको १६.७१ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीसाधनका लागि २१.६८ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने सवारीसाधनको १५.७५ प्रतिशतले भाडा वृद्धि


मन्त्रालयबाट स्वीकृत प्राप्त भएकाले सहमतिका आधारमा भाडा समायोजन गरिएको बताए । विभागले विभिन्न १३ सूचकलाई आधार मानेर भाडा बढाएको जनाएको छ ।

महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले महासंघको अनुरोधमा बुधबार सरकारले सार्वजनिक र मालवाहक सवारीसाधनको भाडा समायोजन गरेको जानकारी दिए । सरकारले यात्रुवाहक सवारीको १६.७१ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीसाधनका लागि २१.६८ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने सवारीसाधनको १५.७५ प्रतिशत भाडा समायोजन गरेको वरिष्ठ उपाध्यक्ष सिटौलाको भनाइ छ ।

नयाँ भाडादर कार्यान्वयनमा आएसँगै सर्वसाधारणको दैनिक यात्रा र उपभोग्य वस्तुको मूल्यमा प्रभाव पर्न सक्ने देखिएको छ ।

# ‘डिजिटल’ रूपान्तरण परियोजना कार्यान्वयनमा

■ प्रभाव संवाददाता



**काठमाडौं**– सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनासँग नेपालका लागि विश्व बैंकका देशीय निर्देशक डेभिड सिस्लेन नेतृत्वको प्रतिनिधिमण्डलले उनको कार्यकक्षमा शिष्टाचार भेट गरेको छ ।

परराष्ट्र मन्त्रालयका अधिकारीसमेतको उपस्थितिमा भएको भेटमाविश्व बैंकको सहयोगमा कार्यान्वयन हुने ‘नेपाल डिजिटल ट्रान्सफरमेसन प्रजेक्ट’, मुलुकको सूचना प्रविधि क्षेत्रको विकासका लागि पहुँच विस्तार, ‘डेटा’ व्यवस्थापन, डिजिटल रूपान्तरण तथा शासकीय सुधारबारे छलफल भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ । मन्त्री तिमिल्सिनाले नेपालको सामाजिक-आर्थिक विकासका निम्ति विश्व बैंकले निरन्तर गरेको सहयोगप्रति कृतज्ञता ज्ञापन गर्दै ‘नेपाल डिजिटल ट्रान्सफरमेसन प्रजेक्ट तीव्र गतिमा कार्यान्वयन गरिने बताए ।

नयाँ सरकार गठनपछि पूर्वाधार विकास र नागरिक सेवा प्रवाहमा नतिजामुखी काम सुरु भइसकेको उल्लेख गर्दै उनले विगतभन्दा फरक ढंगले काम गर्दै आयोजनाका समस्या समाधानतर्फ सरकार केन्द्रित रहेको सुनाए । साथै विश्व बैंकसँगको सहकार्यमा कार्यान्वयनमा गएका आयोजनाको प्रगति पनि शीघ्र देखिने बताए ।

# धानको बीउमा ५० प्रतिशत अनुदान

**चितवन (प्रस)**– यहाँको खैरहनी नगरपालिकाले नगरभित्रका किसानलाई लक्षित गरी बर्खे धानको उन्नत बीउमा ५० प्रतिशत अनुदान दिने भएको छ । नगरपालिकाले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअन्तर्गत खाद्यान्न बाली प्रवर्द्धनका लागि किसानलाई धानको बीउमा अनुदान दिन लागेको हो ।

नगरपालिकाकी कृषि अधिकृत सृजना श्रेष्ठले अनुदान प्राप्त गर्न इच्छुक किसान तथा कृषि उद्यमीलाई आगामी वैशाख ७ गतेभित्र निवेदन दिन आह्वान गरिएको जानकारी दिइन् । उनका अनुसार मोटो र मसिनो गरी विभिन्न सात जातका धानको बीउमा अनुदान दिन लागिएको हो । सङ्घीय सरकारको बजेटमार्फत किसानलाई अनुदान दिन लागिएको हो । अनुदानमा उपलब्ध हुने धानका जातहरूमा सुक्खा धान-२, सावित्री, हर्दिनाथ-५, हर्दिनाथ-६, सावा मन्सुली सब-१, रामधान र चैते-५ रहेका छन् ।

नगरपालिकाले प्रतिकट्ठा दुई किलोका दरले एक जना किसानलाई अधिकतम १०० किलोसम्म बीउ उपलब्ध गराउने नीति लिएको छ । अनुदान लिन चाहने किसानले नागरिकताको प्रतिलिपि र चालु आव २०८२/८३ को एकीकृत सम्पत्ति कर तिरेको रसिदसहित स्वयं कृषि शाखामा उपस्थित भई निवेदन दिनुपर्नेछ । जग्गा भाडामा लिएर खेती गर्ने किसानका हकमा जग्गाबहाल सम्झौता, बहाल कर तिरेको रसिद र जग्गाधनीको नागरिकताको प्रतिलिपि अनिवार्य गरिएको कृषि शाखाले जनाएको छ ।

# गहुँको मूल्यमा गिरावट
## समर्थन मूल्य तोक्न किसानको आग्रह

**टीकापुर (कैलाली)** – जिल्लाका किसानले यस वर्ष गहुँको उचित मूल्य पाएका छैनन् । गत वर्ष प्रतिक्विन्टल रु चार हजारमा गहुँ बेचेका किसान यस वर्ष करिब रु दुई सय कम मूल्यमा बिक्री गर्न बाध्य छन् । हाल गहुँ प्रतिक्विन्टल रु तीन हजार ८०० को हाराहारीमा बिक्री भइरहेको छ । यसैबीच केही दिनअघि परेको वर्षा र हुरीबतासले उत्पादनमा समेत क्षति पुगेको छ ।

किसान रूपलाल चौधरीले धेरै मेहनत गरेर खेती गरे पनि उत्पादनको उचित मूल्य नपाउँदा मर्का परेको बताए । ‘गत वर्षभन्दा कम मूल्यमा गहुँ बिक्री गर्नुपरेको छ, थोरै भए पनि बढी मूल्य पाउनुपर्ने थियो, समयमै मल र बीउ नपाउने, दुःख गरेर खेती गर्दा पनि उचित मूल्य नपाउने समस्या छ’, उनले भने ।

टीकापुरका मञ्जित रावलले सरकारले गहुँको समर्थन मूल्य समयमै नतोकेका कारण किसानले उचित मूल्य पाउन नसकेको बताए । उनका अनुसार किसानले समयमै मल, बीउ नपाउने र बिक्रीका बेला पनि उचित मूल्य नपाउने समस्या झेलिरहेका छन् । केही दिनअघि हुरीबतासहितको वर्षाले गहुँ उत्पादनमा कमी आएको छ । अहिले संकलन केन्द्रमा पनि उचित मूल्य पाइँदैन, किसानलाई जताबाट पनि घाटा भएको छ ।

टीकापुरका पहलमान साउदले भने प्रतिक्विन्टल रु चार हजार २०० का दरले चार क्विन्टल गहुँ खरिद गर्नुभएको छ । गत वर्ष पनि यही मूल्यमा गहुँ खरिद गएका उहाँलाई यस वर्षको मूल्य ठीकै लागेको बताउँछन् । ‘गत वर्ष पनि यही मूल्यमा किनेको थिएँ, यस वर्ष मूल्य बढ्ला भनेर समयमै किन्न आएको थिएँ, पोहोरकै मूल्यमा पाएँ’, उनले भने ।



टीकापुरस्थित भीम खाद्यान्न खरिदबिक्री केन्द्रका भीमबहादुर ठकुल्लाले राम्रो (केलाउन नपर्ने) गहुँ प्रतिक्विन्टल रु तीन हजार ८०० सम्ममा खरिद गर्ने गरेको बताए । ‘राम्ररी सफा नगरेको गहुँ रु तीन हजार ६०० मा खरिद गर्छौं, गुणस्तर हेरेर रु तीन हजार ९०० सम्म पनि दिन्छौँ’, उनले भने ।

खाद्यान्न व्यवसायीका अनुसार कैलालीमा खरिद गरिएको गहुँ नेपालगन्ज र धनगढीका मैदा मिलमा प्रतिक्विन्टल करिब रु चार हजारमा बिक्री हुने गरेको छ । ठकुल्लाले हालसम्म चार सय क्विन्टल गहुँ प्रतिक्विन्टल रु चार हजारका दरले बिक्रीका लागि नेपालगन्ज पठाइसकेका छन् ।

पौडेल राइस मिलका सञ्चालक रामहरि पौडेलले किसानले अहिले गहुँ बिक्रीका लागि ल्याउन थालेको बताए । ‘यस वर्ष पानी र हुरीबतासले नपाक्दै गहुँ ढालेकाले सानो दाना र माटो मिसिएको गहुँ बिक्रीका लागि आएको छ’, उनले भने, ‘गत वर्ष प्रतिक्विन्टल रु चार हजार २०० सम्ममा खरिद गरेको थिएँ । यस वर्ष रु तीन हजार ८५० देखि रु तीन हजार ९०० सम्ममा खरिद गरिरहेको छु ।’

यस वर्ष सरकारले गहुँको समर्थन मूल्य तोकेको छैन । समर्थन मूल्य नतोकिँदा खाद्यान्न खरिदबिक्री केन्द्रहरूले मिलसँगको समन्वयमा खरिदबिक्री दर निर्धारण गरिरहेका छन् ।

गत वर्ष सरकारले गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ८६७ रूपैयाँ ३८ पैसा निर्धारण गरेको थियो । विगतमा हरेक वर्ष वृद्धि गर्दै आएको समर्थन मूल्य यस वर्ष नतोकिँदा किसानले उचित मूल्य पाउन नसकेको गुनासो गरेका छन् । कृषि मन्त्रालयले समर्थन मूल्य निर्धारणका लागि अध्ययन गरी प्रस्ताव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइसकेको जनाएको छ ।

टीकापुर नगरपालिका कृषि विकास शाखाका कृषि प्राविधिक मोतिसिंह विकका अनुसार गहुँको समर्थन मूल्य समयमै तोकिएमा किसानलाई राहत मिल्नेछ । ‘समयमै समर्थन मूल्य तोकिएमा किसानले घाटामा बिक्री गर्नुपर्दैन र बिचौलियाबाट ठगिने सम्भावना पनि कम हुन्छ’, उनले भने, ‘यस वर्ष भने मिल सञ्चालक र खरिदकर्ताले आफैँ मूल्य निर्धारण गरेका कारण किसानले उचित मूल्य पाउन सकेका छैनन् ।’ *रासस*

# साबिककै मूल्यमा २८ दिनको ‘एनटिसी प्याकेज’ अब ३० दिन

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल टेलिकम (एनटिसी)ले आफ्नो प्रिपेड सेवाको २८ दिनको प्याकेजको समय बढाएर ३० दिन बनाएको छ ।

टेलिकमका अनुसार ‘कम्बो-२ ९९ प्याक’को समयावधि मंगलबार रातिदेखि बढाएर ३० दिनको बनाइएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले मंगलबार नेपाल टेलिकमसँग छलफल गरे पश्चात यो व्यवस्था लागु गरिएको हो ।

नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक रीना डंगोलले आगामी वैशाख ११ सम्ममा यस्ता सबै प्याकेजलाई ३० दिन बनाउने जानकारी दिए । त्यसैगरी टेलिकम प्रयोगकर्ताको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने अवस्था अन्त्य भएको छ भने सबै सेवा अनलाइन गर्ने र ‘वान टाइम केवाइसी’ लागू गर्ने प्रक्रिया अघि बढाइएको छ ।

अब प्रयोगकर्ताले लिएको डेटा प्याकेज ९० प्रतिशत खपत भएपछि सूचना प्राप्त गर्नेछन् । यससँगै ‘पे-एज-यू-गो’ विकल्प उपलब्ध हुनेछ । जसले ग्राहकलाई डेटा सकिएपछि स्वतः शुल्क कट्ने वा नयाँ प्याकेज खरिद गर्नेबारे विकल्पसहितको छनोटको सुविधा दिनेछ ।

मन्त्रालयले अघि सारेको नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणालीअन्तर्गतको १० बुँदे सुधारात्मक कार्ययोजनामा पनि यो विषय समावेश गरिएको छ ।

कार्ययोजनाअनुसार नेपाल टेलिकमको सेवा गुणस्तर सुधार, ग्राहक सेवा सुदृढीकरण र डिजिटल सेवा विस्तारलाई उच्च प्राथमिकतामा राखिएको छ । सोहीअनुसार नेपाल टेलिकमले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ग्राहक केन्द्रित सुधारका कदम अघि बढाएको जनाएको छ । विशेषगरी मोबाइल डाटा व्यवस्थापन, डिजिटल प्लेटफर्म विस्तार र प्रशासनिक प्रक्रियालाई सरल बनाउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया सुरु गरिएको हो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ